का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ चैत २०७८,
आइतबार
20 March 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com





## निर्वाचन आचारसंहिता

# दलहरु असन्तुष्ट

बहालवाला पदाधिकारीले उम्मेदवार बन्न मनोनयन दर्ता अघि नै पदबाट राजीनामा दिनुपर्ने गरी तयार निर्वाचन आचारसंहिताप्रति ठूला राजनीतिक दलहरुले नै आपत्ति मात्रै जनाएका छैनन्, संशोधनको माग समेत राखेका छन् ।



'प्रधानमन्त्रीले चुनावअघि राजीनामा दिनु नपर्ने, तर गाउँपालिका अध्यक्ष वा मेयरले सेवा नै प्रभावित हुने गरी किन राजीनामा दिनुपर्ने ?'

**विष्णु रिमाल**
उपमहासचिव, नेकपा एमाले




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन आचारसंहिता अनुसार बहालवाला पदाधिकारीले स्थानीय तहको चुनावमा उम्मेदवार हुन चाहे पदबाट राजीनामा दिनुपर्ने हुन्छ । तर, यो प्रावधानप्रति प्रमुख राजनीतिक दलहरुले आपत्ति जनाएका छन् ।

आगामी बैशाख ३० गते हुने चुनावका लागि निर्वाचन आयोगले बनाएको निर्वाचन आचारसंहितामा बहालवाला जनप्रतिनिधिहले उम्मेदवार बन्न मनोनयन दर्ताअघि नै राजनीनामा दिनुपर्ने उल्लेख छ ।

आचारसंहितामा 'कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी बहाल रहेको निर्वाचित वा मनोनीत पदाधिकारीले स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ता गर्नुअगावै बहाल रहेको पदबाट राजीनामा गर्नुपर्नेछ,' भन्ने व्यवस्था छ । यदि कसैले आचारसंहिता अटेर गरेको पाइएमा उजुरी दिनसमेत आग्रह गरिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन कार्यालयमा उजुरी दिन सकिन्छ ।

तर, यो प्रावधानलाई एमालेका नेताहरूले संघीय निर्वाचनसँग तुलना गरेर प्रश्न उठाएका छन् । प्रधानमन्त्रीले चुनावअघि राजीनामा दिनु नपर्ने, तर गाउँपालिका अध्यक्ष वा मेयरले सेवा नै प्रभावित हुने गरी किन राजीनामा दिनुपर्ने ? भन्ने प्रश्न एमाले नेताहरुको छ । निर्वाचनमा जाँदा पदको दुरूपयोग नहोस् भनेर सोच्नुपर्ने एमाले उपमहासचिव विष्णु रिमालले भनेका छन्, 'सेवा नै रोक्ने गरी आचारसंहिता बनाउनु चाहीँ उचित हुँदैन ।'

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'प्रधानमन्त्रीले चुनाव लड्दा पद खाली गर्नु पर्दैन । स्थानीय तहका 'प्रधानमन्त्री' पालिका अध्यक्ष वा मेयर चाहिँ पद खाली गरेर चुनावमा जानुअघि जनतालाइ दिनुपर्ने सेवा नै बन्द गर्नुपर्ने किन ?' एमाले केन्द्रीय प्रचार विभागका उपप्रमुख विष्णु रिजालले पनि स्थानीय जनप्रतिनिधिले पहिले नै राजीनामा दिनुपर्ने व्यवस्था विभेदकारी रहेको भन्दै आपत्ति जनाएका छन् ।

'स्थानीय तहको निर्वाचन लड्न जनप्रतिनिधिहरुले पदबाट अग्रिम राजीनामा दिनुपर्ने प्रावधान विभेदकारी, पूर्वाग्रही – बाँकी पृष्ठ २ मा

## चुनावी गठबन्धनको मोडल

# कांग्रेसलाई अधिकतम सिट

सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसले अधिकतम सिट पाउनेगरी चुनावी गठबन्धन गर्ने मोडलमा छलफल शुरु भएको छ । विपक्षी नेकपा एमालेलाई पराजित गर्न गठबन्धन सहित चुनावमा जान दलहरु सहमत भएका हुन् ।



'चुनावी गठबन्धनको बिभिन्न मोडलमा छलफल चलिरहेको छ । कांग्रेसले अधिकतम सिट पाउने मोडलमा जान सबै तयार हुँदा समस्या हुन्न ।'

■ **प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



गठबन्धन गर्ने र कसले कति सिटमा कसरी दाबी गर्ने भन्ने विषयमा छलफल हुन सक्छ । तर, गठबन्धन चाहिँदैन भनेर कांग्रेसले बार्गेनिङ गर्न थाल्यो भने साँच्चै गठबन्धन नहुन सक्छ ।

■ **बर्षमान पुन**
नेता, माओवादी केन्द्र

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

आसन्न स्थानीय तहको निर्वाचनमा प्रदेश र केन्द्र सरकारमा सँगै रहेका दलहरुबीच चुनावी गठबन्धनको बिभिन्न मोडलमा छलफल चलिरहेको छ । गठबन्धन गर्न चारै (दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी केन्द्र र जनता समाजवादी पार्टी जसपा) तयार छन् । तर, आफ्नो पार्टीलाई सक्दो बढी सिट दिलाउने प्रयास उनीहरुको छ ।

गठबन्धन गर्दा कम सिटमा खुम्चनुपर्ने हो कि ! भन्ने भयले कांग्रेसका कतिपय नेताहरुले चुनावी गठबन्धन गर्न नहुने बताइरहेका छन् । यही बेला नेताहरुबीच नेपाली कांग्रेसले अधिकतम सिट पाउनेगरी चुनावी गठबन्धन गर्ने मोडलमा छलफल चलिरहेको छ । यही कुरा आइतबार कांग्रेसका प्रवक्ता प्रकाशशरण महतले सार्वजनिक गरेका छन् ।

प्रेस युनियन बाँकेले नेपालगञ्जमा गरेको पत्रकार सम्मेलनमा प्रवक्ता महतले कांग्रेसले अधिकतम सिट पाउनेगरी गठबन्धन हुनसक्ने बताए । उनका अनुसार, स्थानीय निर्वाचनमा धेरै भन्दा धेरै जित हासिल गरे केन्द्रीय निर्वाचन जित्न सजिलो हुने भएकाले अहिलेको गठबन्धन कायमै रहनेछ । 'पार्टीलाई बलियो पार्न लागौं, के गर्दा धेरै सिट आउँछ त्यसै गर्ने हो', महतले भने ।

बढी सिट जित्न निर्वाचनमा कुनै पनि सम्भावनालाई नकार्न नसकिने भएकाले चुनावी गठबन्धनको बिभिन्न मोडलमा छलफल चलिरहेको उनले बताए । कांग्रेसले बढी सिट पाउने मोडलमा जान सबै तयार हुँदा समस्या नहुने उनको भनाई छ । माओवादी केन्द्रका नेता शक्ति बस्नेत कांग्रेसकै लागि चुनावी गठबन्धन आवश्यक रहेकाले ऊ गठबन्धनबाट भाग्न नसक्ने बताउँछन् । कांग्रेसका केही नेताहरुले गठबन्धन नगरौं भन्नुको पछाडि दुई वटा कारण रहेको उनको बुझाइ छ ।

एक- पार्टी भित्रको अन्तरसंघर्ष । दुई- बढी सिटमा दाबी गर्ने आधार बनाउने । यी दुबै कारण कांग्रेस नेताहरु लाग्दा स्वमं कांग्रेसलाई फाइदा हुने भएकाले उनीहरु गठबन्धन गरौं भन्ने, नगरौं भन्ने बहसमा आफैं उत्रिएको नेता बस्नेतको विश्लेषण छ ।

'आन्तरिक प्रतिस्प्रधामा अब्बल देखिनु छ । पार्टीका कार्यकर्ताको कुरा बुझ्केको देखाउनु छ । आफ्नो गुट बलियो बनाइराख्नु छ । यी कांग्रेसभित्रका कुरा भए । यही कुराले गठबन्धनबारे अनेक कुरा उनीहरुबाटै – बाँकी पृष्ठ २ मा

# प्रचार अवधि एघार दिन

महिनौंसम्म प्रचार अवधि दिने प्रवृतिलाई निरुत्साहित गर्दै निर्वाचन आयोगले यसपटक चुनाव चिन्ह पाएपछि उम्मेदवार र राजनीतिक दलहरुले ११ दिन मात्रै चुनावी प्रचार गर्न पाउनेगरी कार्यतालिका तय गरेको हो ।

**दिपेन्द्र श्रेष्ठ /मध्यान्ह**
काठमाडौं, ५ चैत ।

आसन्न स्थानीय तहको निर्वाचनमा चुनावी प्रचार अवधि ११ दिन मात्रै राखिएको छ । विगतमा महिनौंसम्म प्रचार अवधि दिने प्रवृतिलाई निरुत्साहित गर्दै निर्वाचन आयोगले यसपटक चुनाव चिन्ह पाएपछि उम्मेदवार र राजनीतिक दलहरुले ११ दिन मात्रै चुनावी प्रचार गर्न पाउने गरी कार्यकतालिका तय गरेको हो ।

वैशाख ११ र १२ गते उम्मेदवारी दर्ता गर्ने गरी आयोगले निर्वाचन कार्यक्रम तय गरेको छ । निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलका अनुसार स्थानीय तहमा धेरै संख्यामा उम्मेदवारी दिने भएकाले भीडभाड नहोस् भन्नका लागि दुई दिनको समय उपलब्ध गराउने निर्णय गरिएको हो ।

उम्मेदवार बन्ने स्थानीय तहका पदाधिकारीहरुले पदबाट राजीनामा दिनुपर्ने व्यवस्था निर्वाचन आचार संहितामा छ । निर्वाचन कार्यक्रम अनुसार बैशाख १२ गते उम्मेदवारहरुको नामावलीको सूचि प्रकाशित हुनेछ । बैशाख १३ गते दावी विरोधको समय निर्धारण गरिएको छ ।

बैशाख १४ र १५ गते उम्मेदवारहरुमाथिको दावीविरोध उपर निर्वाचन अधिकृतको कार्यालयमा जाँचबुझ हुनेछ । बैशाख १६ गते उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित हुनेछ । १७ गते उम्मेदवारहरुलाई निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

त्यसपछि निर्वाचन प्रचारप्रसारको काम उम्मेदवारहरुले सुरु गर्ने समय निर्धारण गरिएको आयोगका प्रवक्ता पौडेलले जानकारी दिए । अर्थात उम्मेदवारले औपचारिक रुपमा निर्वाचन प्रचारका लागि ११ दिनको समय पाउने छन् । किनकी ३० गते मतदान हुने भएपनि मौन अवधि २७ गते मध्य रातिबाट लागू हुनेछ ।

# अन्तत: प्रगतिशील मञ्चमा आज निर्वाचन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको दुई वर्षे नयाँ कार्यसमिति चयनका लागि आइतबार निर्वाचन हुने भएको छ । मञ्चका पूर्वअध्यक्ष टंक राउत संयोजक रहेको निर्वाचन समितिले आइतबार बिहान १० बजेदेखि १२ बजेसम्म उम्मेद्वारी फिर्ता, १२ बजेदेखि १ बजेसम्म उम्मेद्वार परिचय र दिउँसो सवा १ बजेदेखि साढे ३ बजेसम्म मतदान हुने निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ ।

मतदान साधारणसभा उद्घाटनस्थल स्काई जोन पार्टी प्यालेस धुम्बाराहीमा नै कायम गरिएको छ । गत सोमबार अधिवेशनको बन्द शत्र अन्तर्गत प्रतिवेदनहरू पारित भएपछि नेतृत्व छनोटको विषयमा छलफल शुरू भएको थियो । गत मंगलबार सहमतिको प्रयासमा अध्यक्षमण्डलले दिनभरि छलफल गरेपनि अध्यक्षका सबै उम्मेद्वारहरूले आफ्नो पक्षमा सहमति हुनुपर्ने अडान राखेपछि सहमति हुन सकेको थिएन । मंगलबारयताका ४ दिन पनि सहमतिको वातावरण नबनेको बताइएको छ ।

मञ्चको अधिवेशनले दुई वर्षे कार्यकालका लागि ३५ सदस्यीय कार्यसमितिको निर्वाचन गर्नेछ । अध्यक्षका लागि कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी, पूर्व अध्यक्षहरू हरि बहादुर पाण्डे क्षेत्री र पूर्व उपाध्यक्ष रोहन गुरूङ र भीष्म राज शर्मा शिवाकोटीले उम्मेद्वारी दिएका छन् । त्यसमध्ये नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष भइसकेका गुरूङले आफू सहमतिको अध्यक्ष बन्न उम्मेद्वार बनेको तर निर्वाचन भएको खण्डमा उम्मेद्वारीबारे पुनर्विचार गर्नसक्ने संकेत दिएको बताइएको छ । त्यस्तै धारणा शिवाकोटीले पनि राखेको बताइएको छ । तर पाण्डे र भण्डारी आफ्नो पक्षमा सहमति हुनुपर्ने अडानमा यथावत रहेको बताइएको छ । अन्तत: – बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कामदारको तलब वृद्धिमा मलेसियाको निजी क्षेत्र असन्तुष्ट

काठमाडौं/मस- मलेसियाका प्रधानमन्त्री इस्माइल साबरी याकोबले आगामी मे पहिलो तारिखदेखि कामदारको तलब करिब २५ प्रतिशतले बढ्ने सार्वजनिक रूपमा घोषणा गरेपछि त्यसमा गम्भीररूपमा बहस शुरू भएको छ । निजी क्षेत्रले घोषणा नहुँदै वृद्धि हुने तलब कामदारलाई दिन नसकिने बताएको छ ।

मलेसियामा अघिल्लो निर्वाचनदेखि नै कामदारको न्यूनतम तलब वृद्धिको विषय राजनीतिक मुद्दाको रूपमा रहेको छ । प्रधानमन्त्री याकोबले आफ्नो पार्टीको राजनीतिक कार्यक्रममा शुक्रबार आगामी मे १ देखि श्रमिकको न्यूनतम पारिश्रमिक १५ सय रिंगेट कार्यान्वयन गर्ने घोषणा गरेका थिए । मलेसियामा स्वदेशी तथा विदेशी सबै कामदारको न्यूनतम तलब बराबर छ । त्यहाँका मानव संशाधन मन्त्री एम सरावनले पनि कम्तीमा दुई महिनाभित्र श्रमिकको – बाँकी पृष्ठ २ मा

### श्रमसँगै उत्पादन निर्यातमा जोड दिन श्रममन्त्रीलाई सुझाव

काठमाडौं/मस- संयुक्त अरब इमिरेट्स (यूएई)को भ्रमणका क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)सँग नेपाली बिजनेस काउन्सिल, दुबईका पदाधिकारीहरुले भेटवार्ता गरेका छन् ।

काउन्सिलका अध्यक्ष डा. असिफ अली सिद्दिकी नेतृत्वमा नेपाली व्यवसायीहरुले मन्त्री श्रेष्ठसँग वैदेशिक रोजगारीसँगै विदेशमा नेपाली उत्पादन र सेवाको बजार विस्तार गर्नेतर्फ पनि सरकारले ध्यान दिनुपर्ने बताएका थिए । वैदेशिक रोजगारमा जाने अदक्ष श्रमिकहरूले विभिन्न समस्या झेल्दै आएको भन्दै उनीहरुले आवश्यक सीप-दक्षताको विकासमा पनि सरकारले ध्यान दिनुपर्ने बताए ।

मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीको क्षेत्र व्यवस्थित र सुरक्षित गर्न आफु प्रयत्नशील रहेको बताए । मन्त्री श्रेष्ठले विदेशमा नेपालीले आर्जेको सीप र पूँजी नेपाल भित्र्याउन सहयोग गर्ने प्रतिवद्धता समेत जनाए । – बाँकी पृष्ठ २ मा


**URGENTLY WANTED**

One of the reputed Manpower Company located in Sinamangal is seeking qualified & experienced staffs for the following positions:

1. Operation Manager - 01 (M/F)
2. Recruitment Manager - 01 (M/F)
3. Documentation Officer - 02 (M/F)
4. Receptionist - 02 (F)

Candidate may have good English Speaking & Computer knowledge

VACANT

**Attractive Salary plus commission will be offered .**

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
Ekatatol, Sinamangal, Kathmandu
(Opposite to Hyundai Service Center)

Contact:
☎ : 01-4592905, 4592906
: 9801089211, 9802323195
✉ : hiringagr@gmail.com,
www.facebook.com/aarav.recruitment/


# नेपाल कम्युनिष्ट पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन चैत ११ र १२ गते

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ५ चैत

नेपाल कम्युनिष्ट पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन यहि चैत ११ र १२ गते जनकपुरमा हुने भएको छ।

पुस १७-१९ गते बन्द सत्रबाटै स्थगन भएको सम्मेलन बन्द सत्रकै निर्णय अनुसार चैत ११ र १२ गते संचालन गर्न लागिएको हो ।

पार्टीका कार्यवहाक अध्यक्ष लोकनारायण सुवेदीले एक विज्ञप्ति जारी गर्दै देशभरीका सम्मेलन प्रतिनिधि तथा पर्यवेक्षकहरूलाई अनिवार्यरूपमा उपस्थित हुन आग्रह गरेका छन् ।


'संसारका मजदुर एक होऔं'
नेपाल कम्युनिष्ट पार्टी
Communist Party of Nepal
15 Sept. 1949
केन्द्रिय समिति (Central Committee)
केन्द्रीय कार्यालय: महादेवस्थान मार्ग, कोटेश्वर, काठमाडौं, फोन नं / फ्याक्स ४६०७३५२, इमेल: nepalcommunistparty@gmail.com
चुनाव चिन्ह

**दोश्रो राष्ट्रिय सम्मेलन यही २०७८ चैत्र ११ र १२ गते जनकपुरमा सञ्चालन हुदै**

नेपाल कम्युनिष्ट पार्टीको २०७८ पौष १७ –१९ मा सञ्चालन भइ सम्मेलनको बन्द सत्रबाटै स्थगनमा रहेको एकताको दोश्रो राष्ट्रिय सम्मेलन सम्मलनको बन्द सत्रकै निर्णय अनुसार यही २०७८ चैत्र ११ र १२ गते जनकपुरमा सञ्चालन हुदैछ । अतः देशभरीका सम्मेलन प्रतिनिधि तथा पर्यवेक्षक कमरेडहरु अनिवार्यरूपमा उपस्थित भइ सम्मेलनले गर्नुपर्ने नीति निर्धारण र नेतृत्वको चयन बिधिपूर्वक सम्पन्न गर्न नेपाल कम्युनिष्ट पार्टी राष्ट्रिय सम्मेलन तयारी समिति सबै पार्टी पंक्तिमा निर्देशन गर्दछ ।

यो सम्मेलनले नेपाली कम्युनिष्ट आन्दोलनमा उत्पन्न भएका बैचारिक, सैद्धान्तिक तथा राजनीतिक बिकृति र गैर कम्युनिष्ट चरित्रको अवसरबादी पदलोलुप बिसंगतिका बिरुद्ध सैद्धान्तिक संघर्ष चलाउने र जन समर्पित तथा पार्टी पध्दति र प्रकृया अनुरुप पार्टीको बिकास, बिस्तार र सुदृढीकरण गर्ने जस्ता महत्वपूर्ण कार्यभार सम्पन गर्ने भएकाले अनिवार्य र सक्रियरुपमा उपस्थित भइ सम्मेलन सफल पार्न पार्टी पंक्ति सबैमा नेपाल कम्युनिष्ट पार्टी जोडदार अपिल गर्दछ ।

लोक नारायण सुबेदी,
कार्यवाहक अध्यक्ष,
नेपाल कम्युनिष्ट पार्टी
मिति २०७८ फागुन २९

सुवेदीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सम्मेलनले नेपाली कम्युनिष्ट आन्दोलनमा उत्पन्न भएका वैचारिक, सैद्धान्तिक तथा राजनीतिक विकृति र गैर कम्युनिष्ट चरित्रको अवसरवादी पदलोलुप, विसंगतिकाविरुद्ध सैद्धान्तिक संघर्ष चलाउने र जन समर्पित तथा पार्टी पद्धति र प्रक्रिया अनुरूप पार्टीको विकास, विस्तार र सुदृढीकरण गर्ने जस्ता महत्वपूर्ण कार्यभार सम्पन गर्ने भएकोले अनिवार्य र सक्रियरूपमा उपस्थित भइ सम्मेलन सफल पार्न पार्टी पंक्ति सबैमा पार्टी जोडदार अपिल गर्दछ ।'

# पाँचपोखरी सीमा क्षेत्रमा आकर्षक प्रवेशद्वारसँगै सूचना केन्द्र स्थापना

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ५ चैत



सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाका वडा अध्यक्षसहितका जनप्रतिनिधिहरुले आफुले पाउने सेवा सुविधाबाट गाउँपालिका सीमा क्षेत्रमा आकर्षक प्रवेशद्वार बनाएका छन् ।

गाउँपालिकाको पर्यटन प्रवर्द्धनका लागि पालिकाभित्र रहेको विभिन्न कला सँस्कृति र मौलिकतालाई झल्काउने गरी प्रवेशद्वार निर्माण गरिएको हो ।

गाउँपालिकाको ८ वटा वडाका वडा अध्यक्षहरुलाई छुट्याइएको सवारीसाधन खरीद तथा अन्य सुविधा बापतको ४० लाख र पालिकाको थप १० लाख गरी ५० लाख लागतमा उक्त प्रवेशद्वार निर्माण भएको हो ।

सिन्धुपाल्चोकको पर्यटकको आर्कषण केन्द्रको रुपमा रहेको पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले प्रवेशद्वारसँगै पुस्तकालय सहितको सूचना केन्द्र र प्रसिद्ध धार्मिक स्थल पाँचपोखरीको झल्को दिनेगरी पाँचवटा पोखरीसहितको महादेवको मूर्ति पनि स्थापना गरेको छ ।

शनिबार एक कार्यक्रमकाबीच पूर्वमन्त्री शेरबहादुर तामाङले नवनिर्मित पालिका प्रवेशद्वार, सूचना केन्द्रको उद्घाटन तथा महादेवको मूर्ति अनावरण गरेका छन् । कार्यक्रमका प्रमुख अतिथि तामाङले प्रवेशद्वार निर्माणको लागि राज्यबाट पाउने सेवा सुविधा त्याग गरेकोमा सम्पूर्ण वडा अध्यक्षहरुलाई धन्यवाद व्यक्त गरेका छन् । पालिकाको प्रवेशद्वारसँगै सूचना केन्द्रको स्थापनाले गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै प्रचारप्रसारमा सहज हुने उनले विश्वास व्यक्त गरे ।

कार्यक्रमका सभाध्यक्ष तथा गाउँपालिका अध्यक्ष टासी लामाले विश्वको ९ औं अग्लो स्थानमा रहेको ताल पाँचपोखरी लगायत गाउँपालिका भित्र रहेको विभिन्न पर्यटकीय स्थलहरुको प्रचारप्रसार तथा जानकारी सहितको सूचना केन्द्रको स्थापनासँगै गाउँपालिकालाई पर्यटकीय हवको रुपमा विकास गर्ने उदेश्य अनुरुप योजनाबद्ध ढंगले काम गरिरहेको जानकारी दिए ।

स्थानीयको जीवनस्तरमा परिवर्तन ल्याउनको लागि पर्यटकीय क्षेत्रको विकास र पर्यटन प्रवर्द्धन नै प्रमुख भएको बताउँदै उनले उत्पादनमुलक आयआर्जनका क्षेत्रमा जोडिन पाँचपोखरीबासिलाई आग्रह गरे ।

सोही अवसरमा गाउँपालिकाले तयार पारेको चार वर्षे प्रगति प्रतिवेदन पुस्तक विमोचन तथा पालिकाको सम्पूर्ण स्थानको सूचनासहितको नक्सा समेत सार्वजनिक गरिएको छ । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सुनिता अधिकारी, वडा अध्यक्ष बिष्णुबहादुर खड्का, तथा गाउँपालिकाका कर्मचारी कुमार बस्नेतले आफ्ना भनाईहरु राखेका थिए ।

# प्रदेशसभा सदस्य सिन्हाद्वारा चालु आवका विकासका कामहरु सार्वजनिक

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ५ चैत

प्रदेशसभा सदस्य एवं रौतहट निर्वाचन क्षेत्र नं २ 'क' का विधायक नागेन्द्र प्रसाद सिन्हाले चालु आर्थिक २०७८/०७९ को विकास कार्यक्रम कार्यान्वयन अवस्थाबारे तालिका सार्वजनिक गरेका छन् ।

रौतहटको निर्वाचन क्षेत्र नं २ 'क' का सिन्हाले निर्वाचित भएदेखि आफूले गरेको कार्यहरुको तालिका जनता समक्ष सार्वजनिक गर्दै आएका छन् । सिन्हाले विकास कार्य इशनाथ नगरपालिका अन्तर्गत मात्रै नभइ रौतहट निर्वाचन क्षेत्र नं २ 'क' अन्तर्गत पर्ने हरेक वडामा सडक पूर्वाधार, स्वास्थ्य, शिक्षा, तथा विभिन्न समुदायका लागि मठ मन्दिर, कब्रिसतान, मदरसा लगायतमा कामहरु गरिएको बताएका छन् । आर्थिक वर्ष ०७८/७९ मा २९ वटा विकास कार्यक्रमको कार्य तालिका उनले सार्वजनिक गरेका छन् । रौतहटको इसनाथ नगरपालिका वडा नं १ बन्जारहामा मन्दिर मर्मतका लागि ५ लाख, कब्रिस्तामा कम्पाउन्ड बाल निर्माण गर्न ९ लाख, वडा नं २ र आन्तरिक सडक तथा पर्यटक स्थल मर्मत गर्न १४ लाख, हनुमान धर्मशाला निर्माण गर्न २१ लख रुपैयाँ रकम छुट्ट्याइएको छ ।

त्यस्तै वडा नं ३ मा इसनाथ महादेव मन्दिरको गेट निर्माण गर्न १२ लाख ५० हजार, आन्तरिक सडक मर्मत तथा ढलान गर्न १० लाख, वडा नं ४ मा ब्रह्म मन्दिर मर्मत गर्न ४ लाख, मठिया मोखतम मर्मत गर्न २ लाख, वडा नं ५ को लक्ष्मीनिया कब्रिसतान कम्पाउण्ड बाल निर्माण गर्न १० लाख, वडा नं ६ मा छठ घाट निर्माण कार्यको लागि ८ लाख, मन्दिर निर्माण गर्न १२ लाख, वडा नं ७ को सानो घिउरामा छट घाट निर्माणका लागि १५ लाख, भगवती मन्दिर मर्मतका लागि ४ लाख छुट्याइएको छ । यस्तै उक्त वडाको जोकहा गाउँमा मदरसा भवन निर्माणका लागि ९ लाख, वडा नं ८ को मोतिपुरमा स्वास्थ्य चौकी मर्मतका लागि ४ लाख, मदरसा निर्माणका लागि ७ लाख, आन्तरिक सडक मर्मतका लागि १० लाख, वडा नं ९ को डुमरियामा परोहा धर्मशाला निर्माणका लागि १२ लाख, इशनाथ नगर अन्तर्गत विद्युतीय पोल जडान गर्नका लागि ७ लाख रुपैयाँ रकम छुट्ट्याइएको उनले बताएका छन् ।

## चुनावी...

आइरहेका छन्' उनले भने । यसरी गठबन्धन गर्न कांग्रेस कार्यकर्ता तयार छैनन् भन्ने देखाएर गठबन्धनमा रहेका दलहरुलाई कम र आफुलाई बढी सिटमा दाबीकर्ताका रुपमा प्रस्तुत गर्ने कांग्रेसी सोचले गठबन्धनमा रहेका नेताहरुलाई झस्काएको बताउँछन् माओवादी केन्द्रका अर्का नेता बर्षमान पुन ।

'कांग्रेसले अनावश्यक कुरा गरेर गठबन्धनमा बार्गेनिङ गर्न खोजेको हो भन्ने बुझेका छौं । हामीले नै सरकारमा पुऱ्याएको हामीसंगै बार्गेनिङ गर्ने कुरा कसरी राजनैतिक हुन सक्छ ?' नेता पुनको प्रश्न छ ।

गठबन्धन गर्ने र कसले कति सिटमा कसरी दाबी गर्ने भन्ने विषयमा छलफल हुन सक्ने उल्लेख गर्दै उनले थपे, 'गठबन्धन चाहिँदैन भनेर बार्गेनिङ गर्न थालियो भने साच्चै गठबन्धन नहुन सक्छ । राजनीतिले नयाँ मोड लिन्छ ।' त्यो नयाँ राजनीतिक मोड के हुने ? भन्ने प्रष्ट नभने नि उनले अन्य बामपन्थीहरु एक हुन सक्नेतर्फ संकेत गरे ।

'कांग्रेस गठबन्धनका लागि तयार नभए बाँकी रहेका बामशक्तिहरु एक हुन सक्छन् । एमालेसँग गठबन्धनको ढोका पनि बन्द नै गरेका छैनौं' नेता पुनले भनेका छन् । तर, कांग्रेसकै लागि गठबन्धन चाहिएकाले कांग्रेस सहितको गठबन्धन कायम रहने उनको विश्वास छ ।

## निर्वाचन...

र हाँस्यास्पद छ । के त्यो भए प्रतिनिधिसभाको निर्वाचन हुँदा प्रधानमन्त्री शेरबहाहदुर देउवा र उहाँका मन्त्रीहरुले पहिल्यै राजीनामा दिनुहुन्छ ?' रिजालको प्रश्न छ । यस्तो आचारसंहिता राखिए सरकारबिना नै चुनाव गराउनुपर्ने अवस्था आउन सक्ने भन्दै उनले संशोधनको माग गरे ।

सत्तारुढ दलहरुका नेताहरुले पनि बहालवाला पदाधिकारीले उम्मेदवार बन्न राजीनामा दिनुपर्ने गरी राखेको प्रावधानका विषयमा छलफल हुने बताएका छन् । तर, एमालेले जसरी आपत्ति जनाएर संशोधनको माग भने गठबन्धनका नेताहरुले गरेका छैनन् ।

'आयोगले तय गरेको आचारसंहितामा छलफल गर्न सकिन्छ । कसैलाई पनि अप्ठ्यारो महसुस नहुनेगरी चुनावी वातावरण बनाइनुपर्छ भन्नेमा सत्तागठबन्धनमा रहेका दलहरु सचेत छन्' नेपाली कांग्रेसका प्रवक्ता प्रकाशसरण महतले भनेका छन् ।

## अन्ततः...

भण्डारी र पाण्डेबीच नै प्रतिश्पर्धा हुने मञ्च निकट सूत्रहरुले दावी गरेका छन् ।

पाँच उपाध्यक्षमा जनक रावल, तेजमाया लिम्बू, राम कुमार राई, देउमान नेम्वाङ, सरिता घले, सञ्जु गुरूङ, डिक बहादुर खत्री र सोम बहादुर तामाङ गरी ८ जनाको उम्मेद्वारी परेको छ । एक महासचिवमा दलवीर भण्डारी र श्याम कुमार खरेल, दुई उपमहासचिवमा मिलन कट्टेल, दण्डपाणि भट्टराई 'दिलिप' र होम प्रसाद तिमिल्सिनाको उम्मेद्वारी परेको छ ।

त्यसैगरी ७ जना सचिवमा मदन पौडेल, सुशील केसी, हरि बहादुर ठाडा मगर, अमृत बिश्वकर्मा, बेनी बहादुर कार्की, धनमाया सिंजाली र राजेन्द्र अधिकारीको उम्मेद्वारी परेको छ । एक कोषाध्यक्षमा शिवहरी मैनालीको उम्मेद्वारी परेको छ ।

२५ सदस्यमा जनक पौडेल, हरि डाँगी, आङछिरिङ शेर्पा, भीष्म प्रसाद शिवाकोटी, खेमनाथ गौतम, माधव प्रसाद भुर्तेल, दिपक आचार्य, उमेश महतो, सुर्य बहादुर डाँगी, विनोद बिष्ट, मोहन प्रसाद आचार्य, श्यामचन्द्र खतिवडा र रेशम लामिछानेको उम्मेद्वारी परेको निर्वाचन समितिले जनाएको छ । निर्वाचन समितिले मतदानको पाँच मिनेट अगाडिसम्म पनि सहमतिको प्रयास जारी राख्ने बताएको छ ।

## कामदारको ....

न्यूनतम पारिश्रमिक १५ सय रिंगेट पुऱ्याउने तयारी भइरहेको बताएका छन् । ठूलो संख्यामा नेपाली कामदार कार्यरत मलेसियामा कामदारको न्यूनतम तलब वृद्धिको विषय नेपालमासमेत चासोको विषय बनेको छ । कामदारको तलब बढेमा रेमिट्यान्समा वृद्धि भई विदेशी मुद्राको संचिति बढेर अन्तर्राष्ट्रिय व्यापार भुक्तानी सन्तुलनमा आउने अपेक्षा गरिएको छ ।

हाल मलेसियामा न्यूनतम पारिश्रमिक १ हजार दुई सय रिंगेट छ । उक्त तलब १ हजार पाँच सय भएमा एकैपटक २५ प्रतिशतले वृद्धि हुने छ । सरकारले जीवनयापनको लागतमा भएको वृद्धि र यसको प्रभाव मजदुरको जीवनमा पनि परेको कारणले तलब वृद्धि अनिवार्य भएको बताएको छ ।

मलेसियाको निजी क्षेत्रमध्ये होटल व्यवसायीहरूले सरकारले नयाँ तलबमान कार्यान्वयन गरे त्यसले मलेसियाको अर्थतन्त्रमा क्षति पुऱ्याउने जिकिर गरेका छन् । तलब वृद्धिसँगै लागत 'अपरेसन कष्ट' बढाउने भन्दै प्रधानमन्त्रीको नयाँ घोषणा आफुहरूका लागि आश्चर्यजनक भएको बताएका छन् ।

मलेसियाको होटल एसोसिएसनका उपाध्यक्ष श्रीगणेश मिचेलले नयाँ तलब घोषणा भए सेवाको मुल्य वृद्धि गरिने चेतावनी दिए । उनले तलब वृद्धि गरिए नयाँ कर्मचारी भर्ना गर्नसमेत समस्या भई बेरोजगारी तीव्ररूपमा बढ्ने समेत दाबी गरे । मलेसियाको ट्रेड युनियन कंग्रेस ( एमटीयुसी)ले भने निरन्तरको दबाबपछि प्रधानमन्त्रीको तहबाट मजदुरको न्यूनतम तलब वृद्धिको सार्वजनिक घोषणा हुनु उपलब्धिको विषय भन्दै न्यूनतम तलब १ हजार ८ सय हुनुपर्ने माग गरेको छ ।

## श्रमसँगै...

नीतिगत र व्यवहारिक पक्षमा लगानीमैत्री वातावरण बनाउन सरकार प्रतिवद्ध रहेको उनको भनाइ छ । व्यवसायीहरुले यूएईमा भिजिट भिसाबाट सिर्जित समस्याको उपचारमात्र होइन, निर्मुल नै पार्नुपर्ने बताएका थिए । भिजिट भिसा सम्बन्धी समस्या समाधानका लागि यूएई सरकारसँग मिलेर काम गर्ने बताउँदै मन्त्री श्रेष्ठले सकेसम्म यूएई मै रोजगारी, ओभरस्टे भएर धेरै शुल्क बुझाउनुपर्ने भएकाहरुलाई मिनाहा गर्न र नेपाल लैजानैपर्नेहरुलाई उद्धारमा सहयोग गर्ने प्रतिवद्धता यूएई सरकारले जनाएको बताए ।

नेपाली बिजनेस काउन्सिलका पदाधिकारीहरुले यूएईमा व्यापारको राम्रो अवसरका साथसाथै यसका चुनौतीका बारेमा मन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए । नेपाली बिजनेस काउन्सिल यूएईको दुबईमा व्यापार गरिरहेका नेपाली व्यावसायीहरुको सरकारी निकायमा दर्ता भएको व्यापारिक संस्था हो ।


**Sinja Rural Municipality**
**Office Of The Municipal Executive**
**Sinja, Jumla**

**INVITATION FOR BIDS**

**First Date of Publication: 2078/12/6 BS (20th March, 2022 AD)**

1.0 Sinja Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| SN | Contract Identification No | Description and Location of Works | Fee for Bid Documents (NRs) | Bid Security Amount (NRs) | Bid Validity Periods (Days) |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/ CNRB/2078/079-01 | **Construction of Narakot RCC Bridge (kotai Sangu), Narakot, Jumla** | 5,000.00 | 7,50,000.00 | 90 |

2.0 Dead line for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid Revenue Heading No. | | Revenue a/c No.: | 0510001541 | Office Code |
|---|---|---|---|---|---|---|
| | | | | Bank | | Nepal Bangladesh Bank, Narakot, Jumla Branch |
| Date | Time | Date | Time | Name Of Office | Sinja Rural Municipality | |
| 2079/1/6 (19th Apr., 2022AD) | 12.00 | 2079/1/6(19th Apr.,2022AD) | 13.00 | Deposit A/C No. | 0510000841 | Office code |
| | | | | Name of Office | Sinja Rural Municipality , Narakot, Jumla | |
| | | | | Bank | Nepal Bangladesh Bank, Narakot, Jumla Branch | |

Bid security period shall be 30 days beyond bid validity period. Eligible Bidders May Obtain further information at Sinja Rural Municipality (ito.sinjamun@gmail.com) or PPMO'S Website:-www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office**
**Road Division Butwal**

**Invitation for Bids**

**Notice No.:- 09-078/079**

**First Date of Publication: 2078-12-06 (20 Mar, 2021)**

Road Division Butwal invites electronic bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures:

| S.N. | Contract No. | Description of Work | Estimated Amount Without PS and VATNRs. | Minimum Bid Security Amount NRs. | Price of Bid Document Non-refundable NRs. |
|---|---|---|---|---|---|
| 1. | DROBTL/33701169 /078-79/36 | Road Upgradation of Danapur Tal-Belbariya Chowk-Pragati Chowk-Materia- Katuwa-Aichwal-Gaidahawa Tal-Pahab Lalpur Chowk Bargahewa Chowk-Ganauriya Lumbini Sadak | 16,660,378.13 | 4,71,000 | 3,000 |
| 2. | DROBTL/33701169 /078-79/37 | Road Upgradation of Paschim Nawalparasi Bardghat Na. Pa Baral chowk to Uttar Shivalaya Chowk Road, Nawalparasi | 84,48,379.61 | 2,40,000 | 3,000 |

| | | |
|---|---|---|
| Last Date and Time for Bid Purchase and submission: **2078/01/06 (2022/04/19), within 12:00 hrs** | Date and Time for Bid Opening: **2079/01/06 (2022/04/19) , 13:00 hrs** | Bid Validity Period shall be 90 days and Bid Security Period shall be 30 days beyond Bid Validity Period |

For further details of the Notice of Invitation for bids, interested bidders are requested to visit the notice board of Road Division, Butwal or PPMO's Web Address: **http://bolpatra.gov.np/egp**.

**Division Chief**

# हराएका तोरण र दाताको मूर्ति नेपाल ल्याइँदै

विष्णु लक्ष्मी खरेल/मध्यान्ह
काठमाडौं, ५ चैत



नेपालबाट चोरी भएका दुई सम्पदा बेलायतको निजी ग्यालरीबाट नेपाल ल्याइने भएको छ ।

तीन सय वर्ष पुरानो देवी दुर्गाको आकृतिसहितको काठको तोरण र चार सय वर्ष पुरानो दाताको मूर्ति बेलायतको बरकत ग्यालरीमा भेटिएको थियो । ती सम्पदा नेपाल फर्काउने प्रक्रिया अन्तर्गत बरकत ग्यालरीले लण्डनस्थित नेपाली दूतावासलाई हस्तान्तरण गरेको छ ।

नेपालबाट हराएका वा चोरी भएका पुरातात्विक महत्वका सम्पदाको पहिचानमा सक्रिय रहँदै आएको 'लस्ट आर्टस् अफ नेपाल' ले पहिचान गरेपछि ती सम्पदा फिर्तीको प्रक्रिया सुरु भएको थियो । लण्डन स्थित नेपाली दूतावासले विज्ञप्ति जारी गरेर शुक्रबार ती सम्पदा आफूहरुले प्राप्त गरेको जानकारी दिएको हो ।

सम्पदा फिर्तीको प्रक्रियामा सहयोग गर्ने बेलायतको महानगरीय प्रहरीले तथा सम्पदा अध्येता डा. एमिलिन स्थिमलाई बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले धन्यवाद समेत व्यक्त गरेका छन् ।

पनि राजदूत आचार्यले बरकत ग्यालरीले पारदर्शिता देखाउँदै सम्पदा फिर्ता गरेकोमा धन्यवाद दिएका छन् ।र दूतावासको स्वामित्वमा आएका सम्पदा चाँडै नेपाल फिर्ता ल्याइने छ ।

जीवित देवीका रुपमा पुजिने बसन्तपुरस्थित कुमारीघर (कुमारी छेँ) बाट चोरी भएको देवी दुर्गाको आकृतिसहितको काठको तोरण बेलायतको लण्डनस्थित निजी बरकत ग्यालरीमा भेटिएको थियो।

बसन्तपुर दरबार क्षेत्रको कुमारीघरबाट सन् १९८०-९० को दशकमा चोरी भएको देवी दुर्गाको आकृतिसहितको झण्डै तीन सय वर्ष पुरानो (१८ औं शताब्दी) तोरण गएको मंसिरमा बरकत ग्यालरीको बेलायतस्थित शाखामा भेटिएको हो ।

नेपालबाट हराएका वा चोरी भएका पुरातात्विक महत्वका सम्पदाको पहिचानमा सक्रिय रहँदै आएको 'लस्ट आर्टस् अफ नेपाल' ले विश्वका विभिन्न देशमा शाखा रहेको निजी ग्यालरी बरकतको लण्डनस्थित शोरुममा काठको तोरण पहिचान गरेको थियो ।

काठमाडौंको मञ्जुश्री टोलमा रहेको यंगालबाट सन् १९८० को दशकमा चोरी भएको घुँडा टेकेको मुद्रामा रहेको दाताको ढुंगाको मूर्ति बरकत ग्यालरीको लण्डन शाखामै पहिचान भएको थियो ।

'लस्ट आर्टस् अफ नेपाल' ले नै गएको मंसिरमा निजी ग्यालरी बरकतको लण्डन बेलायतस्थित शोरुममा दाताको ढुंगाको मूर्ति पहिचान भएको जनाएको थियो ।

मञ्जुश्री टोलमा रहेको यंगालमा रहेको दाताको ढुंगाको सो मूर्तिको तस्बिर सन् १९७६ मा अनुसन्धानकर्ता उलरिक भोन स्क्रोडरले खिचेका थिए । सो तस्बिर नेपाली ढुंगाका मूर्तिसम्बन्धी उनको हालै प्रकाशित पहिलो संस्करणको दोस्रो भाग पुस्तकमा समेटिएको छ ।

## नेपाली जनप्रगतिशील मञ्च कतारको आयोजनामा वनभोज

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, ५ चैत



नेपाली जनप्रगतिशील मञ्च कतारको आयोजनामा बृहत वनभोज कार्यक्रम सम्पन्न भएको छ । मञ्चका अध्यक्ष बुद्धि प्रसाद भण्डारीको अध्यक्षता तथा मञ्चका पूर्व अध्यक्ष एवं प्रमुख सल्लाहकार रमेश भट्टको प्रमुख अतिथ्यतामा शुभकामना आदानप्रदान, विविध सांस्कृतिक कार्यक्रम तथा फागु कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि भट्टले संस्था सदैव मजदुरको पक्षमा काम गर्दै आएको बताए । मञ्च वैचारिक संस्था भएपनि कतारमा मुख्यत सामाजिक काममा सक्रिय रहेको उल्लेख गर्दै उनले संस्थाले आगामी दिनमा पनि एनआरएनए लगाएत वैचारिक एवं सामाजिक संस्था संग समन्वय गर्दै मजदुरको हितमा काम गर्दै जाने बताए ।

कार्यक्रममा थुप्रै सामजिक तथा वैचारिक संस्थाका तर्फबाट वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए ।वक्ताहरुले कतारको नियम कानुनको अक्षरसः पालना गर्न र टिकटकको गलत प्रयोग नगर्न सुझाव दिएका थिए । शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक प्रस्तुतिसहित सम्पन्न वनभोज कार्यक्रममा विभिन्न कलाकारहरुले आफनो सांगीतिक प्रस्तुति दिएका थिए । सो अवसरमा गैरआवासीय नेपाली संघ आईसीसी सदस्य एवं राष्ट्रिय समन्वय परिषद कतारको सन् २०२१-२०२३ कार्यकालको लागि निर्वाचित कार्यसमिति र कलाकारलाई सम्मान पत्रले सम्मान गरिएको थियो । कार्यक्रममार्फत मञ्चमा ५० जनाभन्दा बढी नयाँ सदस्य आवद्ध भएका थिए । उनीहरुलाई अविर र खादा ओढाएर स्वागत गरिएको थियो । मञ्चका वरिष्ठ उपाध्यक्ष राज देवकोटाको स्वागत मन्तव्य रहेको कार्यक्रमको सहजीकरण महासचिव माहमुद कार्कीले गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति भण्डारीले मञ्च सधैं श्रमिकको पक्षमा रहेको र निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले छिट्टै नयाँ कार्यक्रमहरुसहित मञ्च थप सशक्त भएर अगाडि बढ्ने बताएका थिए ।


**आवश्यकता**

यस प्रतिष्ठित मेनपावर कम्पनी को लागि निम्न लिखित कर्मचारीको आवश्यक परेकोले इच्छुक व्यक्तिहरुलाई आवेदनको लागि आह्वान गरिन्छ ।

- ◆ डकुमेन्टेसन- १ जना (पुरुष/महिला)
- ◆ रिसेप्सनिस्ट- १ जना (महिला)

एकाउण्टेन्ट र डकुमेन्टेसन को हकमा योग्यता कम्तीम प्रविणता प्रमाणपत्र तह पाश गरेको, कम्प्युटरमा दक्षता र सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ ।

अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ । ◆ तलब आपसी सहमतिमा हुनेछ ।

◆ अन्य सेवा तथा सुविधा कम्पंनीको नियमानुसार हुनेछ ।

**Y.K Manpower Agency Pvt.Ltd.**
Gov. Lisence No: 1439/074/075 Giri Complex, Shambhumarg-09, Airport, Kathmandu.
Tel: 01-4499189/9801234999. Email: ykmanpoweragency@gmail.com



**VACANCY ANNOUNCEMENT NOTICE!!!**
**कर्मचारी आवश्यकता**

A reputed leading manpower Recruitment Agency looking for Young dynamic & Energetic Candidates for Different positions for our Head office. Candidates must Have Experience, Good looking, Smarts, smiling face, positive attitude, fluent in English, good communication skill, dedicated in work and self motivated.

**1. Secretary (Male or Female) - 2**
- Candidate must have completed Bachelor Degree with minimum 1 year experience in the related field.

**2. International Business Development Officer (Male or Female) - 5**
- Candidate must have completed Bachelor Degree with minimum 3-4 year experience in a same Capacity.

**3. Documentation Officer (Male or Female) - 2**
- Candidate must have completed Bachelor Degree or Equivalant and having 2-3 year experience in the related field.

**4. Accountant (Male or Female) - 2**
- Candidate must have completed Intimidate level and having 1 year experience in the related field.

**5. Public Relations Officer (Male or Female) - 2**
- Candidate must have 3-4 year experience in the related field.

Please kindly share your updated CV with Cover letter at hrsunsarioverseas@gmail.com; hrsunsarioverseas@gmail.com not later than a 27 March 2022.

We conform and make sure that maintaining the privacy and confidentiality of your documents and information's you shares with us.

**सुनसरी ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं. ११०७/०७३/०७४
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ०१-४५७४४६७, ४५६४०२९, ४५६९१८० मो.: ९८१०००३४२३, ९८०१०९४८०३ । Email: mdsunsarioverseas@gmail.com



कर्णाली प्रदेश सरकार
जलश्रोत तथा उर्जा विकास मन्त्रालय
**खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय**
**खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय**
गमगढी, मुगु, नेपाल

**बोलपत्र स्वीकृतीको आशय पत्र**

सूचना प्रकाशित मिति : २०७८।१२।६

यस कार्यालयको तपशिल बमोजिमका बोलपत्र नं. हरुका लागि मिति २०७८।१०।१६ गते राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तपशिलका खानेपानी योजनाहरुको निर्माण कार्यको लागि प्राप्त बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | दरभाउपत्र नं | बोलपत्रदाताको नाम | स्वीकृत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | WIEDO/MUGU/NCB/W/03/078/79 (Construction of Banjaya Water Supply and sanitation Project) | आयुष निर्माण सेवा, श्रीनगर ५ मुगु | १२,९७,१२८।३९ | |
| २. | WIEDO/MUGU/NCB/W/04/078/79 (Construction of Gamm Rara Water Supply and sanitation Project) | आयुष निर्माण सेवा, श्रीनगर ५ मुगु | १२,६०,७९४।४५ | |
| ३. | WIEDO/MUGU/NCB/W/05/078/79 (Construction of Balchaur Water Supply and sanitation Project) | ऋाणमोक्ष वर्क सप्लायस एण्ड कन्ट्रक्सन, छायानाथ रारा न.पा. ०१, मुगु । | १४,९३,३७५।८० | |

कार्यालय प्रमुख



**Invitation for Electronic Bids**

**Sundarharaincha Municipality**
**Office of Municipal Executive**
Biratchowk, Morang, Province No. 1, Nepal

Date of publication: 2078/12/06

1. The Sundarharaincha Municipality, Office of Municipal Executiveinvites electronic bids from eligible bidders for the procurement of following Works under following bidding procedures specified in Public Procurement Act and Regulations. The estimated amount is stated below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Sundarharaincha Municipality, Biratchowk, Morang, Province No. 1, Nepal*** or may visit e-GP system: **www.bolpatra.gov.np/egp .**
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as stated in table below in the following bank.
   **Name of the Bank : Agricultural Development Bank OfficeAccount no : 0100201277009016**
   **Office Code no. : 305011301 Rajasow Sirsak no. 14229**
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Sundarharaincha Municipality on or before as stated in table below.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 01:00 PM as stated date below in table at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of **90**Days counting from the day of bid opening in case of NCBand must be accompanied by bid security, amounting to a minimum of as stated in table below, which shall be valid for minimum **30 days** beyond the bid validity period. For Cash Deposit Bank details:
   **Name of the Bank : Agricultural Development Bank Name of the Office : Sundarharaincha Municipality**
   **Office Account No. : 0601501147630030**
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: **www.sundarharaichamun.gov.np** or office notice board.
8. The Employer reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry **contact: 021545050 or Email : sundarharaichamun@gmail.com**

| S. N. | Contract ID | Description of Works | Estimated Amount (Without VAT & Contingency) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SHM/MOR/NCB/W/46/2078/079 | Construction of Blacktopped Road Munal Marga Sundarharaicha 04 | 80,73,179.57 | 3,000 | 2,64,500.00 | 2079/01/06 12:00Noon | 2079/01/06 1:00 PM | NCB |
| 2. | SHM/MOR/NCB/W/47/2078/079 | Construction of Road, Tenderfit School North Chariguwa Road Sundarharaicha 04 | 23,21,916.61 | 3,000 | 76,000.00 | 2079/01/06 12:00Noon | 2079/01/06 1:00 PM | NCB |
| 3 | SHM/MOR/NCB/W/48/2078/079 | Construction of Blacktopped Road Danda Gaun Malati Marga Sundarharaicha 07 | 54,72,903.02 | 3,000 | 1,80,000.00 | 2079/01/06 12:00Noon | 2079/01/06 1:00 PM | NCB |
| 4 | SHM/MOR/NCB/W/49/2078/079 | Construction of Blacktopped Road Thadiya chowk South Road Sundarharaicha 07 | 28,36,710.95 | 3,000 | 92,500.00 | 2079/01/06 12:00Noon | 2079/01/06 1:00 PM | NCB |
| 5 | SHM/MOR/NCB/W/50/2078/079 | Construction of Blacktopped Road Raj Kishor Khawas ko Ghar Jane Road & Ratnaman Maske ko Ghar dekhi Ward 12 simana Samma Road Sundarharaicha 11 | 31,16,246.35 | 3,000 | 1,01,500.00 | 2079/01/06 12:00Noon | 2079/01/06 1:00 PM | NCB |

Chief Administrative Officer

मध्यान्ह
www.madhyanhadaily.com
६ चैत २०७८, आइतबार
20 March 2022, Sunday

## सम्पादकीय

# सेवा नरोकियोस्

आगामी स्थानीय तहको चुनावका लागि निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा बहालवाला जनप्रतिनिधिले फेरि उम्मेद्वार बन्न चाहे मनोनयन दर्ताअघि राजीनामा दिनुपर्ने भनिएको छ। स्थानीय तहको साधन स्रोतको दुरूपयोग रोक्न यो उचित देखिए पनि स्थानीय तहको सेवा नै रोकिने भयो भनी राजनीतिक दलहरूले चिन्ता प्रकट गरिरहेका छन्। स्थानीय तहको सेवा अवरूद्ध हुने हो भने जारी आचारसंहितामा पुनर्बिचार गर्नुपर्ने वा यसको विकल्प खोजिनुपर्ने प्रस्ताव दलहरूको छ। जो उम्मेदवार बन्ने हो, उही व्यक्ति स्थानीय तहको सेवा प्रवाहमा रहिरहने पनि हुनुहुँदैन। किनभने, यसले चुनावमा प्रत्यक्ष प्रभाव पार्छ। यदि राजनीतिक दलहरूले आशंका गरे जस्तो सेवा प्रवाह रोकिँदैन भने निर्वाचन आयोगले सेवा प्रवाह नरोकिने प्रष्ट पार्नुपर्छ। अन्यथा, स्थानीय तहका बहालवाला जनप्रतिनिधि उम्मेदवार हुँदा वित्तिकै सेवा प्रवाह रोकिने अवस्था आउन सक्छ।

स्थानीय तहका प्रमुख र उपप्रमुखका साथसाथै सदस्यहरू पनि रहन्छन्। प्रमुख उम्मेदवार हुन गए उपप्रमुखले काम गर्न सक्छ। प्रमुख र उपप्रमुख नै उम्मेदवार हुन गए स्थानीय तहका बाँकी सदस्यहरूले अत्यावश्यक सेवा प्रवाह गर्न सक्नुपर्छ। तर, स्थानीय तहको सिंगो जनप्रतिनिधिको टिम नै उम्मेदवार बन्न गएभने के हुन्छ ? यो विषयमा संविधान र प्रचलित कानुनहरू मौन छ। कर्मचारीतन्त्रले जननिर्वाचित प्रतिनिधिहरूले गर्ने कार्यको अधिकार राख्दैनन्। जनप्रतिनिधि पनि नहुने अवस्था बन्यो भने के हुन्छ ? यो अवस्था आगामी निर्वाचनमा निम्तिन सक्छ। यस्तो अवस्था करिब तीन सातासम्म रहन सक्छ। निर्वाचन आयोगले बैशाख ११ र १२ गते उम्मेदवारी मनोनयन दर्ताको समय तय गरिएको छ। यसअनुसार, उम्मेदवार बन्न बहालवाला जनप्रतिनिधिले १० गते नै राजीनामा दिनुपर्ने हुन्छ, ११ गते मनोनयन दर्ता गर्न। चुनाव हुने बैशाख ३० गते हो। मतदान सकिएर चुनावी परिणाम आउन केही दिन लाग्न सक्छ। यसरी हेर्दा चुनावमा उम्मेद्वार बन्नुअघि राजीनामा दिने जनप्रतिनिधिको ठाउँमा नयाँ जनप्रतिनिधि आउन करिब तीन साता लाग्छ।

तीन सातासम्म सेवा प्रवाह रोकिने अवस्था बन्यो भने त्यो जनताका लागि निकै कष्टपूर्ण हुनेछ। कतिपय यस्ता व्यवस्था छन जो प्रमुख र उपप्रमुखमध्ये एक जना भएर पनि हुँदैन। उपप्रमुखको नेतृत्वमा न्यायिक समिति हुन्छ। उपाध्यक्ष नभए अर्को कोही न्यायिक समितिको नेतृत्वमा रहेर काम गर्न सक्दैनन्। प्रमुखको नेतृत्वमा रहने संरचनाहरू पनि अन्य व्यक्तिले नेतृत्व गर्ने भन्ने हुँदैन। जनताले अकस्मात सेवाका लागि सिफारिस गर्न पनि जनप्रतिनिधि नै चाहिने संवैधानिक र कानुनी व्यवस्था छ। बरू यसका लागि सरकारले बाधा अड्काउ फुकाउ सम्बन्धी अध्यादेश ल्याउन सक्छ। जसले स्थानीय तहको सबै जनप्रतिनिधिपद रिक्त हुन पुगेको अवस्थामा कर्मचारीले पनि अत्याअवश्यक सेवा प्रवाह गर्न सकोस्। केन्द्र सरकारले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

# कम्युनिष्ट कसरी बन्ने ?

कम्युनिष्टहरूको दर्शन अध्यात्मवादी हो वा भौतिकवादी भन्ने कुरा छुट्याउनै गाह्रो बन्ने अवस्था कतिपय कम्युनिस्ट नेतृत्वका क्रियाकलापले सिर्जना हुन गएको छ, त्यसको निरूपण नगरी क्रान्तिकारी पार्टी र नेतृत्वको कल्पना गर्न सकिँदैन।

अग्रलेख



● राजन तिमल्सिना

कम्युनिस्टहरूको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो। यसको सारतत्व मार्क्सवाद, लेनिनवाद र माओवादको रूपमा अभिव्यक्त हुन्छ। ढोंगी र पाखण्डी कम्युनिष्टहरू दस्तावेजमा मार्क्सवादको कुरा गर्छन् तर, व्यवहारमा अध्यात्मवाद र धर्मको सहारा लिन्छन्। उनीहरू रूपमा कम्युनिस्ट जस्तो देखिएता पनि सारमा संशोधनवादी, पुँजीवादी र प्रतिक्रियावादी चारित्रिक सांस्कृतिक र व्यवहारीक विशेषता बोकेका हुन्छन्। तीनिहरू मध्ये कोही अज्ञानता र अशिक्षाको कारण त कोही कम्युनिष्ट आन्दोलनलाई बदनाम र ध्वंस गर्न सूनियोजित ढंगले कम्युनिष्ट आन्दोलनमा घुसपैठ भएका हुन्छन्। कम्युनिष्ट आन्दोलनलाई बदनाम गर्न, सुधारवादी दलदलमा फसाएर शोषणको चक्रव्यूहलाई बचाई राख्नु र पुरानो शोषणमूलक समाजलाई निरन्तरता दिन हरियो घाँसभित्र लुकेको सर्पको जस्तो छद्मभेषी चरित्र प्रदर्शन गर्नु सुधारवादी, संशोधनवादी कम्युनिष्टहरूको मूल चारित्रिक विशेषता हो।

क्रान्तिकारी कम्युनिष्ट पार्टी र उसका नेता कार्यकर्ता समाजका श्रेष्ठतम् नागरिकको रूपमा आफूलाई उभ्याउन र मानव समूदायको परिवर्तनको सदीक्षा पूरा गर्न कस्तो ढंगको सिद्धान्त, विचार, कार्यदिशा, संस्कृति, कार्यशैली र जीवनशैली अपनाउने भन्ने कुराले नै पार्टी र नेतृत्वको स्तर निर्धारण गर्दछ। भौतिक जगत, मानव समाज र त्यसमा भएका अनेकै क्रियाकलापलाई सैद्धान्तिक र सांस्कृतिक दृष्टिकोणले हेर्दा हामी कम्युनिष्ट वा गैरकम्युनिष्ट के हो भन्ने कुराको निर्धारण गर्दछ। कम्युनिष्टहरूको दर्शन अध्यात्मवादी हो वा भौतिकवादी भन्ने कुरा छुट्याउनै गाह्रो बन्ने अवस्था कतिपय कम्युनिस्ट नेतृत्वका क्रियाकलापले सिर्जना हुन गएको छ, त्यसको निरूपण नगरी क्रान्तिकारी पार्टी र नेतृत्वको कल्पना गर्न सकिँदैन।

आदीमकालमा मानिसहरूको अज्ञानताले सृष्टि, जीवन र जगतका नियमहरूको उत्तर खोज्ने क्रममा मानव समुदायमाथि आइलाग्ने अनगिन्ति प्राकृतिक प्रकोप र पीडाहरूबाट राहत पाउने उद्देश्यले उनीहरूले अदृश्य शक्ति (इश्वर, राक्षस, भूतप्रेत) आदिलाई कारण माने। उनीहरूले झरी, वादल, चट्याङ, आँधीवेरी जस्ता घटनामा परलौकिक, अलौकिक, दानवी वा इश्वर शक्तिको खेल भएको अनुमान गरे र सोही आधारमा अलौकिक शक्ति वा इश्वरलाई स्थान दिन पुगे। मानिसको अशिक्षा र अज्ञानताको कारण त्यस समयमा कल्पनामा जन्माएको इश्वरले आजको शताब्दीमा समेत राज गरिरहेको छ। विज्ञानको आलोकमा धर्मको मृत्यु भएको हजारौं वर्ष भैसक्दा पनि यसले आफ्नो अस्तित्व बचाउनुमा सामन्तवादी र पूँजीवादी सत्ताको हात रहेको छ। शासकवर्गले आफ्नो सत्ता टिकाइराख्न र शोषकवर्गले आफ्नो शोषणलाई जारी राख्न शक्तिशाली शास्त्रको रूपमा धर्मलाई संरक्षण गर्दै आएका छ।

जब विज्ञानले पानी कसरी पर्छ, चट्याङ्ग कसरी चट्किन्छ, मेघ कसरी गर्जन्छ, आँधीहुरी वतास कसरी चल्छ, दिनरात कसरी हुन्छ, मानिसको जन्म र मृत्यु कसरी हुन्छ भन्ने जिज्ञासाको हल गरी सकेपछि धर्म र आध्यात्मवादको मृत्यु भएको हो। विभिन्न भूगोल र कालखण्डमा मानिसहरूले आफूमाथि आईलागेका दुखकष्ट, आपतविपत, झन्झट, अल्झनबाट संकटमोचनका लागि विभिन्न नाम र रूपका इश्वरको कल्पना गरे जस्तो हिन्दु, बौद्ध, इस्लाम, इसाई, शिखलगायत अनगिन्ति धर्महरूको जन्म भयो। समयक्रममा विकास भएका धर्महरूको रूप फरक-फरक देखिएता पनि सारमा धर्मले शासकवर्ग र पूँजीपतिवर्गको पक्षपोषण र सेवा गर्दै अएको छ। यसको सारतत्व परिवर्तन र श्रमजीविवर्गको मुक्तिविरूद्ध केन्द्रीत छ र यसले परिवर्तनलाई रोक्न आफ्नो भएभरको बासीबुद्धिको प्रयोग गर्दछ। विज्ञान र त्यसका परिवर्तनशील उपलब्धिको बिरोध गर्नु धर्मको मूल विशेषता रहेको छ। विज्ञान वा मार्क्सवाद श्रमजीवी कामदारवर्गको दर्शन र मुक्तिमार्ग हो भने धर्म सत्ताधारी शोषकवर्गको शोषण र दमनको शास्त्र र औजार हो।

अध्यात्मवाद वा धर्म शोषकवर्ग र पूँजीपतिवर्गको दर्शन भएकाले यसले शोषक वर्गको सेवा गर्छ र मानवजातीलाई विभिन्न काल्पनीक कथा हालेर दासता र शोषणको दुष्चक्रमा फसाँइ श्रमजीवि वर्गको प्रगतीपथलाई अवरूद्ध पार्दछ। अध्यात्मवादीहरूले विज्ञानको विकासलाई अवरूद्ध गर्न विभिन्न कालखण्डमा भौतिकवादी वैज्ञानिकहरूमाथि अनेकन ज्यादतीका गर्नुका साथै वैज्ञानिकहरूलाई जलाउने सम्मका पाखण्डी हर्कत गरेको



इतिहास हाम्रो सामु ज्यूँदै छ।

कम्युनिष्टहरूले सही विश्दृष्टिकोण नबनाई न जगतलाई बुझ्न सक्छन् न त जगतलाई बदल्न नै सक्दछन्। कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताले सर्वहारावादी संस्कृतिको विकास गर्न आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिको नयाँढंगले विश्लेषण गर्न सक्नुपर्छ। यसरी हाम्रो जीवनशैलीले सर्वहारावर्गीय चरित्र ग्रहण गरेको छैन भने रूपान्तरणको विधि के हुन् सक्छ ? त्यसको मार्क्सवादी निरूपण खोज्नु पर्दछ। कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताको जीवन व्यवहार हेर्दा कहिलेकाहीँ बुर्जुवा नेता तथा कार्यकर्ताभन्दा फरक पाउन सकिँदैन। जसको कारण जनताले कम्युनिष्ट र गैरकम्युनिष्ट छुट्याउन गाह्रो पर्छ। कम्युनिष्ट पार्टीको आवरणमा कुनै समय क्रान्तिकारी भनेर चिनिएका व्यक्तिबाट यतिसम्मको तल्लोस्तरको गैरसर्वहारा वर्गीय व्यवहार प्रदर्शीत हुन्छ कि उनीहरू सगौरव अध्यात्मिक र धार्मिक क्रियाकलापमा लागेको पाइन्छ। यो ढोगी र पाखण्डिपना हो साथै मार्क्सवादी स्कुलिङको कमि र रूपान्तरणको समस्या हो।

बुर्जुवा वर्गको दर्शनले ५ हजार वर्षदेखि एकछत्ररूपमा मानिसको दिमागलाई भ्रष्टिकरण र प्रर्दुशित पारेका थियो। जब सन् १८४८ मा कार्ल मार्क्स र फेडरिक एगेल्सले कम्युनिष्ट घोषणापत्र प्रकाशन गर्नु भयो त्यसपछि मात्र श्रमजीवी सर्वहारावर्गले आफ्नो सच्चा दर्शन पायो। मार्क्सवादी शिद्धान्तको विकासक्रम हेर्दा २७० वर्षको छोटो अवधिमा यसको प्रचार र छापको हिसावले धेरै अगाडि भएपनि रूपान्तरणको हिसावले निकै पछि परेको छ, जसको कारण यसबीचमा क्रान्ति र प्रतिक्रान्तिका अनगिन्ति श्रृखला घटेका छन्। कम्युनिस्ट पार्टी सत्तासीन हुँदापनि मार्क्सवादी विश्वविद्यालय स्थापना गर्न नसक्नु र आफ्नो पंक्तिलाई सुदृढ गर्न नसक्नु बिडम्बना हो। कम्युनिष्ट पार्टीमा जीवनभर काम गर्दा पनि बुर्जुवावर्गको भन्दा माथिल्लो चेतनास्तर र जीवनशैली नहुनु सामन्तवादी अवशेष र संशोधनवादी रूझानको बिरासत हो। कम्युनिष्ट पार्टीको नेतृत्व र बुर्जुवाहरूको नेतृत्वमा व्यवहार उस्तै हुनुमा राजनैतिक, वैचारिक र सांस्कृतिक रूपान्तरणको खडेरी हो। यस समस्याको लागि निरन्तर पार्टीभित्र स्कुलिङ र नेता कार्यकर्ताको परीक्षा प्रणालीको लागू गर्नु पर्दछ।

कम्युनिष्ट पार्टीले स्कुलिङ्ग विभागको कामलाई पार्टी निर्माणको मुख्य आधार मान्नु पर्दछ। कम्युनिष्ट पार्टीको दर्शन वर्ग संघर्षको दर्शन भएकाले समाज र सामाजिक परिघटनाहरूको वर्ग विश्लेषण गर्न निपुर्ण हुनु पर्दछ। कम्युनिष्टहरू सांस्कृतिक रूपमा रूपान्तरण नभई वास्तविक मानव बन्न सक्दैन। समाजमा रूपान्तरित नभएको पशुपतीका बाँदर जस्ता बुर्जुवा संशोधनवादीहरू ढोगी कम्युनिष्ट हुन् भने रूपान्तरित भएको नयाँ पुर्खा भनेका क्रान्तिकारी कम्युष्टिहरू हुन। बाँदरबाट मानिसमा रूपान्तरण लामो र दीर्घकालीन संघर्षको परिणति थियो भने त्यो आफै अलौकिक वा स्वतः स्फुर्तरूपमा बदलिएको थिएन। आदिम साम्यवाद हुँदै सामान्ती युग, पूँजीवादी युग र समाजवादी युगको वस्तुनिष्ठ बुझाई बिना कोही पनि सच्चा कम्युष्टि बन्न सक्दैन।

कम्युनिष्ट पार्टीलाई क्रान्तिकारी र वर्ग सचेत डफ्फाको रूपमा विकास गर्न मार्क्सवादको रक्षा प्रयोग र विकासका साथै निरन्तर वर्ग संघर्षमा भाग लिनु पर्दछ। श्रम र वर्ग संघर्षबाट कटेको नेतृत्वले न परिवर्तनको पहल लिन सक्छ न कम्युनिस्ट पार्टीको नेता बन्न सक्छ। कम्युनिष्ट पार्टी भनेको वर्ग संघर्ष, उत्पादनको लागि संघर्ष र समाजको आमुल रूपान्तरण गर्ने नेतृत्वदायी संस्था हो। मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक दिग्दर्शनमा मात्रै सर्वहारावर्गको पार्टीले आफ्नो कार्यभार पूरा गर्न सक्छ।

कम्युनिष्ट पार्टीले समाज र दुनियाँ बदल्न वैज्ञानिक विधिको आधारमा पार्टी संगठनलाई संचालन गर्नु पर्दछ। कम्युनिष्ट पार्टीले आफ्नो उच्चतहदेखि आधारभूत तहसम्मको नेतृत्वलाई वैचारीक रूपमा पारंगत नबनाई क्रान्तिको कुरा निरर्थक बन्न जान्छ। जबसम्म नेतृत्वमा नै वैचारिक अस्पष्टता हुन्छ तबसम्म आन्दोलनले गोलचक्कर मात्रै मार्दछ क्रान्ति र परिवर्तन हुँदैन। कम्युनिष्टहरूको रूपान्तरण कस्तो हो ? यो कसरी गर्न सकिन्छ ? र यसको वैज्ञानिक कार्यविधि के हुनसक्छ ? यस्ता तमाम प्रश्नहरूको घेरामा क्रान्तिकारी नेतृत्वको परीक्षा हुँदैछ।

कम्युनिष्ट पार्टीहरूमध्ये कुन पार्टी वास्तविकरूपमा कम्युनिष्ट पार्टी हो र कुन पार्टी ढोगी कम्युनिस्ट पार्टी हो भनेर जाँच्ने विधि भनेको मालेमावादी विचारको अनुशरण र प्रयोग नै मुख्या आधार हो। कम्युनिष्टहरूले पारिवारिक सम्बन्धलाई वर्गधरातल कै आधारमा उभ्याउने कुरा कम्युनिस्टहरूको नीजि तथा व्यक्तिगत कुरा मात्र नभएर उसको विश्वदृष्टिकोण सवाल हो। जवसम्म परिवारलाई राजनीतिकरण र वैचारिकरण गर्न सकिदैन तबसम्म नेतृत्वको समेत रूपान्तरणमा ब्यवधान र अवरोध पैदा हुन्छ। बदलिँदो भौतिक जगतका हरेक चीजहरू गतिशील र परिवर्तनशील छन। भौतिक जगत, मानव समाज र सामाजिक क्रियाकलापले जनताको मानसिकतामा परिवर्तित राजनीतिक अवस्थाको बोध गराउदछ। पार्टी नेतृत्वको दृष्टिकोण र जीवनशैलीबाट कार्यकर्ताले सिक्ने भएकाले नेतृत्वले सदैव जनता, समाज र कार्यकर्ता पंक्तिको घेराबन्धी र निगरानीमा छु भन्ने कुरा कहिल्यै भुल्न हुँदैन।

यसरी आन्दोलनमा स्थापित नेतृत्वको सर्वहारा विश्वदृष्टिकोणमा आएको विचलनको प्रभावले कार्यकर्ता र जनतामा उल्टो रूपान्तरणको असरले प्रतिक्रान्तिलाई मलजल गरेको छ। कम्युनिष्ट आन्दोलनका निष्ठावान कार्यकर्ताले पनि नेतृत्वको गुणगान गाउने संस्कृतिले नेपाली कम्युनिष्ट आन्दोलन ग्रसित छ। नेतृत्वका कमजोरीबारे खुलेर रचनात्मक आलोचना र नयाँ विकल्प पेश गर्ने हैसियत र क्षमताको विकास नगरीकन कम्युनिष्ट आन्दोलनको नेतृत्वलाई रूपान्तरण गराउन र प्रतिक्रान्ति रोक्न सकिदैन। कम्युनिष्टहरूले धर्म, संस्कृति, रीतिरिवाजलाई हेर्ने दृष्टिकोण वैज्ञानिक र मालेमावादी हुनुपर्दछ। कम्युनिस्टहरूलाई धर्म मान्ने र रीतिरिवाज मनाउने छुट हुँदैन, जनतालाई धार्मिक स्वतन्त्रता हुन्छ र राज्य धर्मनिरपेक्ष बनाउनु पर्छ भन्ने कुरा कम्युनिष्टले कहिल्यै भुल्नु हुँदैन। कम्युष्टिहरूले जनताका भावना बिपरित केही काम गर्न हुँदैन। कम्युनिस्ट भनेका समाज परिवर्तनका संवाहक शक्ती हो। समाज रूपान्तरणमा कम्युनिस्टहरूको निर्णायक र प्रथम भूमिका हुन्छ। सर्वहारा वर्ग बिना संसार परिवर्तन भएको इतिहास पाईदैन। वैज्ञानिक अस्वीकार भौतिकवादी दर्शनका आधारमा भएको हुनले संसारमा नयाँ नयाँ प्रविधिको विकास भएको हो। यदि विज्ञानको विकास नभई धर्मकर्मको आधारमा भएको भए मानवजातिको जीवन जंगली युगकै जस्तो कहालीलाग्दो हुने थियो। मानिसहरू ओढारमै हुन्थे, रूखका बोक्राको वस्त्रभन्दा अरू चीजको प्रयोग हुने थिएन।

विज्ञानका अनगिन्ती अस्वीकारले आज विश्वलाई धेरै सुगम र सानो बनाई दिएको छ। मार्क्सवादले विज्ञानकै आधरामा दुनियाँलाई बुझ्ने र बदल्ने हुनाले हामी पनि वैज्ञानिक युगका वैज्ञानिक मान्छे बन्ने प्रयत्न गर्नु पर्छ। धेरै पढेलेखेका मान्छे मात्रै वैज्ञानीक हुन्छन् भन्ने कतपियमा भ्रम छ त्यो कदापी सत्य होइन कयौं निरक्षर मुर्ख अज्ञानीहरूले पनि अनेकै दुःख कष्ट र साधना गर्दै अनेकै अस्वीकार गरेका छन्। हामी सबै रूपान्तरणको महासमरमा सामेल हौं असम्भव मूर्ख र अज्ञानीको डायरीमा मात्रै हुन्छ।

## सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

युक्रेन युद्ध पहिले शक्ति राष्ट्रको आंकलन कस्तो थियो कुन्नि, तर अहिले आएर अमेरिका, रूस, चीन, भारत, जर्मनीलगायत सबैलाई यो संकटले ताउर-माउर पारेको देखिन्छ। यसबाट पाठ सिकेर सामरिक शक्तिभन्दा उत्पादकत्व तथा विश्व शान्ति र सद्भाव तर्फ सबैको ध्यान जान सकेमा हुन्थ्यो।



- पार्वती धरेल

डिभोर्सपछि महिलाले अर्को विवाह गरे सम्पत्ति फिर्ता गर्नुपर्ने ! छिट्टै कार्यान्वयन गरियोस्। सम्पत्तिकै लागि यहाँ पुरूष पटक-पटक बलात्कृत भएको छ। यहाँ पुरूषले बल्ल तल्ल कमाएर जम्मा गरेको सम्पत्ति कुम्ल्याएर दिन दिन पुरूष फेर्ने महिलाको कमि हुन सकेको छैन।



- विष्णु पोखरेल

शक्तिशाली राष्ट्रले सधैं कमजोर देशमाथि हैकम जमाएर आफ्नो कठपुतली बनाउनु पर्ने छ र ? अमेरिका, रूस, चीन, भारत, युरोपेली युनियनलगायत सधैं विश्वका अरू देश गुलाम भएर बस्नु भन्ने छ र ? मुलुक सानो होला तर, सार्वभौम भन्ने चिज ती देशका हुँदैनन् र ?



- भूषण तुलाधर

काठमाडौंमा अहिले करिब डेढ दुई सय सफा टेम्पोहरू सञ्चालनमा छैनन्। व्यवसायीहरू कोभिडको बेलाको ऋणको भारले उठ्न सकिरहेका छैनन्। अहिले तेलको मूल्य आकासीरहेको बेला यी व्यवसायीहरूलाई केही सहयोग गरे करिब २ सय विद्युतीय टेम्पो सडकमा ल्याउन सकिन्थ्यो।



- सतीश देवकोटा

वामपन्थीहरू सधैं गरिब र दुःखी रहिरहनु पर्छ र उनीहरूको रहनसहन विकसित रूपमा परिणत हुन हुँदैन वा सम्पन्नतामा परिणत हुन् हुँदैन भन्ने सोंच आँफैमा अति अपरिपक्क र कम्जोर सोंच हो। वामपन्थको जोड समातामुलक र समुन्नत समाज निर्माणमा हो, गरिब र अल्पविकसीत रहिरहन होइन।

# एमसीसीसँगै सुरू भएको संकट

एमसीसीको मुद्दा संसदबाट पारित हुँदैमा, यो समाप्त भएको छैन। नेपालमा यसैको कारण युद्धको सुरूवात बल्ल भएको छ। युक्रेनमा यसरी नै प्रवेश गरेर साम्राज्यवादले युद्ध भड्काएको हो जस्को मारमा आज निर्दोष युक्रेनी जनता परेका छन् ? सजग होउँ, एक दिन फेरि नेपालमा पनि यूक्रेनको घटना दोहोरिन सक्छ।

टिप्पणी



● रामराज रेग्मी

एमसीसीसम्बन्धी सम्झौता हुबहू पास गर्नु र ‘व्याख्यात्मक घोषणा’सहित पास गर्नुमा खास भिन्नता छैन। नेपाली कांग्रेसकै नेताहरुले “कम्युनिष्ट नेताहरुलाई सजिलो बनाइदिन व्याख्यात्मक घोषणाको घुम्टो ओढाइदिएका हौं” भनेर सार्वजनिक रुपमा भनिरहेछन्। व्याख्यात्मक घोषणाका पक्षधर नेताहरु अन्तर्राष्ट्रिय कानुनवक्ताको सल्लाहमा यो बाटो अपनाइएको हो भनी अझै गुड्डी हाँक्दैछन्। कानूनवक्ताको कामत हार्ने खालका मुद्दामा पनि लड्नका लागि सहारा उपलब्ध गराइदिने हो। यस्तो सहारा सत्य/असत्य जे पनि हुन सक्छ।

फेरि नेपाली मूलको कानुनवक्ता हुँदैमा त्यो राष्ट्रवादी हुन्छ भन्ने ग्यारेन्टी छ र ? सबैले जाने बुझेकै कुरा हो, एक आपसमा बाझिने डकुमेन्ट एकैसाथ पारित गर्नुमा कुनै दम छैन। त्यसमा मुद्दा उठ्यो र बहस गर्नुपर्‍यो भने मूल मुद्दा (एमसीसी सम्झौता) कै पल्ला भारी हुन्छ। मूल दस्तावेजसँग जोडिएको परिशिष्टको तौल मूल दस्तावेजसरह हुँदैन। त्यसकारण कोही पनि भ्रममा नपरौं, एमसीसी सम्झौता हुबहू पारित गरिएकै हो र कथित क्रान्तिकारीहरुले साम्राज्यवाद सामु घूँडा टेकेकै हुन्।

एमसीसी संसदबाट अनुमोदन भएको लगत्तैपछि यसमा सक्रिय पहल गर्ने राजनीतिक दलका नेताहरुले यदि अमेरिकाले यो व्याख्यात्मक घोषणालाई मान्यता दिएन भने हामी एमसीसी सम्झौतालाई कुनै पनि बेला रद्द गर्न सक्छौं भन्ने खालको कुरा बकिरहेका छन्। यस्तो भनाइ र तर्कमा कुनै दम छैन। जसले सम्झौता अनुमोदन हुनु अघि आपत्तिजनक खालमा बूँदामा अडानसम्म पनि लिन सकेन, त्यसले आफू गिरिसकेपछि ठूलो महाशक्तिसँग टक्कर लिएर सम्झौता रद्द गर्ला भनी पत्याउन सकिन्न। हो, सम्झौता रद्द हुन सक्छ। तर, यसलाई भोलि जनताको आन्दोलन र संघर्षले रद्द गर्छ। घूँडा टेक्नेहरु त साम्राज्यवादकै पक्षधर भएर उल्टै जनतासँग लड्न आउने छन्।

एमसीसीलाई संसदबाट पारित गराउन सहजकर्ताको भूमिका खेलेका नेताहरु, तिनका भरौटेहरु र मिडियाहरुले यतिखेर फेरि अर्को भ्रमको खेती गर्दैछन्। पत्रिकाहरुमा यस्तो समाचार छापिएको छ : एमसीसी मुख्यालयले नेपाली संसदको निर्णयलाई स्वागत गरेकाले व्याख्यात्मक घोषणालाई पनि स्वीकार गरेको रुपमा अर्थ्याइएको छ। जुन साम्राज्यवादी शक्ति आर्थिक सहायता वा अनुदानका आवरणमा पूरा दक्षिण एशियामा आधिपत्य जमाएर आफ्नो प्रमुख प्रतिपक्षी राष्ट्रलाई घेरा हाल्न नेपाललाई रणनीतिक अखडा बनाउने योजनासाथ आएको छ, त्यसले व्याख्यात्मक घोषणालाई स्वीकार गरेर आफ्नो खुट्टामा बन्चरो प्रहार गर्दछ त ? अमेरिकाले आफ्नो यस चाहनालाई पूरा गरिदिने कार्यलाई मात्र स्वीकारेको हो र यसो गर्नु स्वभाविक हो।

हिजो एमसीसी सम्झौतामा नेपालको सार्वभौकिमतामाथि हस्तक्षेप भएको छ र नेपाललाई अमेरिकी सैन्य रणनीतिको छाताअन्तर्गत राख्न खोजिँदैछ भनी सचेत बनाउने त सडकका क्रान्तिकारी योद्धाहरु र सचेत बौद्धिक जगत् हुन्। एमसीसीको मुद्दा सडकमा उठेपछि मात्र यसले वाम राजनीतिक दलमा स्थान पाएको हो। पार्टीमा कार्यकर्ताले दबाब दिँदा पनि नेताहरु एमसीसीको विरोधमा दरोगरी जान सकेका थिएनन् भन्ने कुरा के तिनका व्यवहारले देखाएका थिएनन् र ? त्यसकारण एमसीसीको मुद्दा संसदबाट पारित हुँदैमा, यो समाप्त भएको छैन। नेपालमा यसैको कारण युद्धको सुरुवात बल्ल भएको छ। युक्रेनमा यसरी नै प्रवेश गरेर साम्राज्यवादले युद्ध भड्काएको हो जस्को मारमा आज निर्दोष युक्रेनी जनता परेका छन् ? सजग होउँ, एक दिन फेरि नेपालमा पनि यूक्रेनको घटना दोहोरिन सक्छ।

# सीले बाइडेनलाई भने– ‘ताइवानमा कुनै गल्ती भयो भने सम्बन्धमा असर पर्न सक्छ’

**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी चिङफिङबीच कुराकानी भएको छ। युक्रेन र रुसबीच भएको द्वन्द्वका विषयमा दुई नेताबिच कुराकानी भएको हो ।

वार्ताका क्रममा अमेरिकी राष्ट्रपति बाइडेनलाई चिनियाँ राष्ट्रपति सीले रुस-यूक्रेन युद्ध कुनै एउटाको मात्रै चासो, सरोकार र चिन्ताको विषय नभएको बताएका छन् ।

अन्तर्राष्ट्रिय समुदायका लागि शान्ति, सुरक्षा सबैको चासो र सरोकारको विषय भएकाले दुई देशको युद्धलाई पनि सबैले साझा चिन्ताको रुपमा लिनुपर्नेमा दुवै नेताको जोड छ । वार्तामा अमेरिकी राष्ट्रपति बाइडेनले भने युक्रेन-रुस द्वन्द्वमा रुसलाई सहयोग नगर्न चेतावनी दिएका छन् ।



चिनियाँ राष्ट्रपति सीले अन्तर्राष्ट्रिय चासो, शान्ति तथा सुरक्षाको विषय चीन र अमेरिकाको अन्तर्राष्ट्रिय जिम्मेवारी पनि भएको उल्लेख गरेका छन् । दुई नेताबीच अमेरिका-चीन सम्बन्धलाई थप सुमधुर बनाउन पनि अहिलेको कुराकानी सहयोगी भएको बताइएको छ। गत नोभेम्बरमा भएको भिडियो सम्मेलनपछि पहिलोपटक दुई मुलुकका राष्ट्रपतिबीच वार्ता भएको हो ।


यस्तै चिनियाँ राष्ट्रपति सीले बाइडेनसँग ताइवानको मुद्दामा कुनै चुक भएमा चीन-अमेरिका सम्बन्धमा पनि नकारात्मक असर पर्न सक्ने चेतावनी दिएका हुन् । रोयटर्सका अनुसार चिनियाँ सञ्चारमाध्यमले यसबारेमा उल्लेख गरेको छ। चीनले ताइवानलाई आफ्नो प्रान्त मान्दै आएको छ। चीनलाई ताइवान पुनः चीनको हिस्सा बन्ने विश्वास छ ।

चीनले ताइवानलाई बलपूर्वक फिर्ता लिन सकिने र यो अमेरिकासँगको सम्बन्धको सबैभन्दा संवेदनशील मुद्दा रहेको उल्लेख गरेको छ। सी जिनपिङले कुराकानीका क्रममा बाइडेनलाई भने, ‘अमेरिकाका केही मानिस ताइवान स्वतन्त्रता समर्थकलाई गलत संकेत दिइरहेका छन् । यो धेरै खतरनाक छ । यदि ताइवान मुद्दा ठीकसँग सम्हालिएन भने यसले दुवै देशबीचको सम्बन्धमा नकारात्मक प्रभाव पर्नेछ ।’

यता ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा सीसँगको वार्ताका क्रममा बाइडेनले ताइवानका सम्बन्धमा अमेरिकाको नीतिमा कुनै परिवर्तन नभएको दोहोऱ्याएको कुरा उल्लेख छ । बाइडेनले अमेरिकाले ’यस्तिस्थितिमा एकपक्षीय परिवर्तनको विरोध गर्न जारी राख्नेछु भन्ने कुरामा जोड दिएका थिए। यसैबीच, ताइवानको विदेश मन्त्रालयले बाइडेनलाई धन्यवाद दिएको छ ।’

# गम्भीर वार्तामा बस्न जेलेन्स्कीको आग्रह

**काठमाडौं/एजेन्सी–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसलाई गम्भीर वार्तामा बस्न आग्रह गरेका छन् । शनिबार एक भिडियो सार्वजनिक गर्दै जेलेन्स्कीले रुससँग यस्तो आग्रह गरेका हुन् । ‘म अहिले मेरो कुरा सबैले सुनून् भन्ने चाहन्छु, विशेषगरी रुसले। अहिले बैठक बस्नुपर्ने समय आएको छ, यो वार्ताको समय हो’, जेलेन्स्कीले भने ।



‘युक्रेनलाई न्याय र भौगोलिक एकता कायम गर्नको लागि वार्ता गर्नुपर्ने समय आएको छ । अन्यथा रुसले यति ठूलो क्षति व्यहोर्ने छ कि जसलाई धेरै पुस्ताले पनि पूरा गर्न सक्दैनन्’, उनले थपे ।

जेलेन्स्कीले रुसी सेनाले निरन्तर आक्रमणमा परेका सहरमा मानवीय सहायतामा अवरोध सिर्जना गरिरहेको आरोप पनि लगाएका छन् । उनले यो युद्ध अपराध रहको र रुसले यसको जवाफ दिनुपर्ने बताएका छन् ।

यसैबीच रुसले युक्रेनमा आक्रमण शुरु गरेयता अहिलेसम्म ८१६ आम नागरिकको मृत्यु भएको छ। संयुक्त राष्ट्रसंघले शुक्रबार जारी गरेको तथ्यांकअनुसार बुधबारसम्म मृत्यु हुने आम नागरिकको ८१६ पुगेको हो । त्यस्तै १३३३ जना मानिसहरु घाइते भएका छन् ।

राष्ट्रसंघको मानवाधिकार कार्यालय (ओएचसीएचआर)का अनुसार अधिकांश मानिसहरु ठूलो बमबारीमा परी मारिएका छन् । राष्ट्रसंघका अनुसार युक्रेको युद्धमा मारिनेको वास्तविक संख्या योभन्दा धेरै हुन सक्छ किनकी भीषण आक्रमणको चपेटामा परेका धेरै सहरबाट तथ्यांक हासिल गर्न सकिएको छैन । जसमध्ये एउटा मारिउपोल पनि हो ।

# अफगानिस्तानमा छात्रा पनि विद्यालय जान पाउने

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानको तालिवान सरकारले छात्रालाई पनि विद्यालय जान दिने निर्णय गरेको छ। सत्ता सम्हालेपछि छात्रालाई अध्ययन अध्यापनका लागि शैक्षिक संस्था जान नदिने तालिवान सरकारको निर्णयको सर्वत्र आलोचना भएको थियो ।

उनीहरुले महिलालाई रोजगारीसमेत गर्न प्रतिवन्ध लगाएका थिए । तर सर्वत्र आलोचना भएपछि उनीहरुले त्यस निर्णय फिर्ता लिइएको बताएका छन् । आलोचना, आग्रह र दबाबका कारण महिला अधिकारको पुनर्बहाली गर्ने तालिवान सरकारको निर्णयप्रति संयुक्त राष्ट्रसङ्घले धन्यवाद ज्ञापन गरेको छ ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले विद्यालयमा छात्रालाई अध्ययन अध्यापन गर्न दिने तालिवान सरकारको निर्णयको स्वागत गरेका हुन् । अर्को हप्तादेखि छात्रसँगै छात्रालाई पनि विद्यालय जान दिने निर्णय सुनेर आफू हर्षित भएको उनले शुक्रबार उल्लेख गरेका छन् ।

तालिवान सरकारले यही मार्च २२ देखि छात्रालाई विद्यालय जान दिने निर्णय कार्यान्वन गर्ने अधिकारीले जनाएका छन् । तालिवान सरकारको यस निर्णयलाई महासचिव गुटेर्रेसले ‘महत्वपूर्ण र स्वागतयोग्य’ भनेका छन् ।

छात्रसँगै छात्रालाई पनि शिक्षाको अधिकार दिएपछि उनीहरुको अन्य सुरक्षाको विषयमा पनि तालिवान सरकारको ध्यान पुग्ने उनले अपेक्षा व्यक्त गरका छन् । बालिकालाई पढ्न दिने तालिवान सरकारको निर्णयको अन्य अन्तर्राष्ट्रिय निकाय तथा मानव अधिकारवादी संघसंगठनले पनि स्वागत गरेका छन् ।

# एक वर्षपछि चीनमा २ जना कोरोना संक्रमितको मृत्यु

**काठमाडौं/एजेन्सी–** चीनमा कोभिडका कारण दुई जनाको मृत्यु भएको छ । एक वर्षपछि पहिलो पटक कोभिडका कारण मृत्यु भएको जनाइएको छ । कोभिडको नयाँ भेरियन्टका कारण चीनमा संक्रमितको संख्या दिनहुँ बढिरहेको छ। दुबै मृत्यु उत्तरपूर्वी प्रान्त जिलिनमा भएको देशको राष्ट्रिय स्वास्थ्य आयोगले जनाएको छ । कोभिडबाट सो प्रान्त बढी प्रभावित छ । कोभिडपछि सो प्रान्तका विभिन्न सहरहरुमा लकडाउन र अन्य कडा प्रतिबन्ध लगाइएका छन् ।



चीनमा कोभिडका कारण अहिलेसम्म ४ हजार ६३८ जनाको मृत्यु भएको । शनिबार चीनमा एकै दिन ४ हजार ५१ जना नयाँ संक्रमित देखिएका थिए । यो अघिल्लो दिनभन्दा तुलनात्मक रुपमा थोरै सख्या हो । शुक्रबार ४ हजार ३६५ जनामा संक्रमण देखिएको थियो । तीमध्ये आधाभन्दा बढी संक्रमित जिलिनमा देखिएका थिए ।

चीनमा अन्य देशको तुलनमा कोभिडका कारण मृत्यु हुनेको संख्या थोरै छ । बेइजिङको कम्युनिष्ट नेतृत्वले न्यून मृत्यु दरलाई उसको एक-दलीय शासन मोडेलको बलियो प्रमाणको रूपमा प्रचार गरेको छ । नयाँ मृत्यु त्यहाँको स्वास्थ्य आयोगको दैनिक रिपोर्टमा लुकाइएको थियो । राज्य नियन्त्रित सञ्चार माध्यमहरुले त्यसबारे केही वर्णन गरेका थिए ।

यस्तै संक्रमण पुनः तीव्र हुँदै गएपछि चीनमा अस्थायी क्वारेन्टिन निर्माण गर्न थालिएको छ । चीनको जिलिन प्रान्तको जिलिन सहरमा निर्माण भइरहेको ६ हजार बेड क्षमताको क्वारेन्टिनमा कन्ट्याक्ट ट्रेसिङबाट पोजिटिभ भएकाहरुलाई राखिने बताइएको छ । संक्रमण तीव्र गतिमा फैलिन थालेपछि अहिले चीनका विभिन्न प्रान्तहरुमा लकडाउन गरिएको छ । अत्यावश्यक सेवाबाहेक सबै सार्वजनिक यातायात, व्यवसाय बन्द गरिएका छन् ।

# जापानी प्रधानमन्त्री भारत भ्रमणमा

**काठमाडौं/एजेन्सी–** जापानी प्रधानमन्त्री फुमियो किशिदा जारी युक्रेनी संकटको बीचमा आफ्नो पहिलो भारत भ्रमणका क्रममा शनिबार नयाँ दिल्ली पुगेका छन् । आफ्नो दुई दिने भारत बसाइका क्रममा १४ औं भारत-जापान वार्षिक शिखर सम्मेलनमा सहभागी हुनेछन्। सम्मेलन पछिल्लो पटक टोकियोमा सन् २०१८ को अक्टोबरमा भएको थियो । सो अवसरमा उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नेछन्।

पश्चिमी देशहरूले युक्रेनमा आफ्नो सैन्य कारबाहीका लागि रुसमाथि प्रतिबन्ध लगाएका बेला प्रमुख तेल उपभोग गर्ने देशहरूले यसमाथि नजिकबाट नजर राखिरहेका बेला किशिदाको भारत भ्रमणलाई अत्यन्त महत्वको रूपमा हेरिएको छ। भारत र जापानले आफ्नो ‘विशेष रणनीतिक र विश्वव्यापी साझेदारी’ को दायरा भित्र साझेदारको रूपमा बहुपक्षीय सहयोग गरेका छन् ।

शिखर सम्मेलनले दुवै पक्षलाई विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोगको समीक्षा र सुदृढीकरणका साथै इन्डो-प्यासिफिक क्षेत्रमा शान्ति, स्थायित्व र समृद्धिका लागि आफ्नो साझेदारीलाई अगाडि बढाउन पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गर्ने अवसर प्रदान गर्ने विश्वास गरिएको छ ।

यसअघि प्रधानमन्त्री मोदीले जापानी प्रधानमन्त्रीले पदभार ग्रहण गरेलगत्तै अक्टोबर २०२१ मा प्रधानमन्त्री किशिदासँग फोनवार्ता गरेका थिए । सन् २०१४ मा प्रधानमन्त्री मोदीको जापान भ्रमण पछि दुबै देशहरूले लिएका धेरै महत्वपूर्ण निर्णयहरूको कार्यान्वयनमा उल्लेखनीय प्रगति भएको छ । त्यतिबेला शिन्जो आबे जापानी प्रधानमन्त्री थिए ।

## Isma Rural Municipality
## Office of the Rural Municipal Executive

Ismarajasthal, Gulmi

**Invitation for Electronic Bids**

**First Date of Publication: 20th March, 2022 (6th chaitra , 2078)**

1. Isma Rural Municipality, Ismarajasthal, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under sealed quotation for S.N. 1, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount. (Excluding Vat) | Bid Document Fee Amount | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | OIRM/GUL/ SQ/078/79-15 | Procurement Of Fabrication Package (Fabricated Steel Parts For Trail Bridge For Lahata Nursery Suspended Trail Bridge) | 13,82,552.37 | NRs. 1000 | NRs. 39,500 | N/A | 5th April, 2022 (22th chaitra, 2078) 12:00 Noon | 5th April, 2022 (22th chaitra, 2078) 13:00 PM |

| Bank Name | Name of Office | Revenue Acount Name & No. | Deposit Acount Name & No. |
|---|---|---|---|
| Bank of Kathmandu Ltd. Isma, Gulmi | Isma Rural Municipality Gulmi Ismarajasthal, Gulmi | Antarik Rajashwo Khata 18100000351524 | Dharauti Khata 18100000054524 |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

Chief Administrative Officer

**कुवेतमा रोजगार |** कम्पनी : CHOCOLATES AND MORE SWEETS PASTRIES & BAKERY CO.
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/११/१२ चलानी नं.: ६०१७४९९५ L.T. No.: 258504 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 2 | सम्बन्धित काममा दक्ष | 170 | ६७,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chef Assistant Pastry Maker | 5 | 0 | | 200 | ७९,६३२ | | | | | | | |
| 3. | Cleaners | 2 | 0 | | 80 | ३१,८५२ | | | | | | | |
| 4. | Helper | 5 | 0 | | 100 | ३९,८१६ | | | | | | | |
| 5. | Salesperson | 0 | 5 | | 150 | ५९,७२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १३ गते (27 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SRK नेपाल प्रा. लि.**
Govt. Lic. No. 1156/073/074
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोन: ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३

**UAE मा रोजगार |** १. कम्पनी: FEDERAL SECURITY SERVICES LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/१७ चलानी नं.: ६०१६६८४३ LT. No.: 249767 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 20 | स. काममा दक्ष | 1600 | ५१,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १२ गते (26 March 2022) मा हुनेछ ।
खुकुरी होटेल, इटहरी, सुनसरीमा २०७८ चैत १३ गते (27 March 2022) मा हुनेछ ।
सी.पी. होटेल, बिर्तामोड, झापामा २०७८ चैत १४ गते (28 March 2022) मा हुनेछ ।
जनप्रिय थकाली भान्छा घर, लेखनाथ, कास्कीमा २०७८ चैत १४ गते (28 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

**INTERSCAFF SAFETY**
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services



NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# बक्स अफिस समाचार

# 'व्यक्तिगत स्वार्थमात्र पूरा हुने खालका काम नहोस्'



**लीला केसी**
**निर्माता तथा कलाकार**

आफुलाई नायिका, अभिनेत्री भन्दा पनि कलाकार भन्न रूचाउने लीला केसी अहिलेकी व्यस्त कलाकार मध्येकी एक हुन् । मनोरञ्जन क्षेत्रमा १७ वर्षको कलिलो उमेरमै आफ्नो पहिलो पाइला टेकेकी उनले त्यसपछि पछाडि फर्केर हेर्नु परेको छैन । नेपाल टेलिभिजनमा प्रशारण हुने 'मञ्जुरी नामा' टेलीसिरियलमार्फत अभिनय यात्रा थालेकी उनले शोभित बस्नेतको निर्देशनमा बनेको 'खुशी' टेलिसिरियलमा पनि अभिनय गरेकी थिइन् । तर कारणवश त्यो टेलिसिरियल प्रशारण हुन पाएन । त्यसपश्चात निर्मल प्याकुरेल, सविन शाक्यको निर्माणमा बनेको रूद्रराज पाण्डेको 'सहनशीला सुशिला' मा मुख्य भूमिकामा अभिनय गरेकी उनले राम्रो चर्चा बटुलिन् । २० वर्षको उमेरमा वैवाहिक जीवनमा बांधिएपछि घरेलु जीवनमा व्यस्त भएकी कलाकार लीला केसी १७ वर्षपछि पुनः यसै क्षेत्रमा निर्मात्रीको रूपमा प्रवेश गरेकी छन् । आफुलाई कलाकारिताको नसाले कहिले छोडेन भन्दै चाहँदानचाहँदै बीचमा यो क्षेत्रबाट टाढा रहनु परेको भन्दै आफ्नो दुःख पोखिन् । साथै आफु फेरि पनि यही क्षेत्रमा फर्केर काम गर्न पाएकोमा खुशी भएको पनि उनले सुनाइन् । कलाकार **लीला केसी**ले **मध्यान्ह दैनिक**का लागि **सुमन कुमार श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**१७ वर्षपछि कला क्षेत्रमा फर्किनुभयो, के कारणले छाड्नु भएको थियो यो क्षेत्र ?**

वैवाहिक जीवनपछि नारीलाई घरेलु जीवनको विभिन्न कामले बाँधेको हुन्छ । आफुले चाहँदानचाहँदै बीचमा यो क्षेत्रबाट टाढा रहनु पऱ्यो । बाध्यता नै भनुम् । अर्को कुरा यो क्षेत्र भनेको यस्तो नसा हो जसलाई हत्तपत्त छाड्नै मुस्किल हुन्छ । फेरि पारिवार, साथीभाइ सबैको सपोर्ट हौसला र साथ पाएँ अनि काम गर्ने अवसर पनि जुट्यो । भन्छन् नि दिन नआई केही हुँदैन सायद त्यही भएर होला ।

**कम्ब्याक पछिको पहिलो काम ?**

गायक बिधाराज सिवकोटीको तीज गीतबाट यो अवसर जुट्यो । त्यसपछि एक समय चर्चामा रहेको ढाका टोपी मैलोका चर्चित गायक कुमार न्यौपानेको गीत आँखा नलागोस्मा पनि काम गर्ने अवसर जुट्यो । अब निरन्तर यसै क्षेत्रलाई समय दिनेछु ।

**अरु कुन कुन कामहरु गर्नुभयो ?**

२ वर्ष अगाडि किशोर भण्डारीको अड्डा टेलिसिरियलमार्फत अभिनय गरें, जुन छिट्टै नै डिस होमबाट आउने कुरा छ । बीचमा कोरोनाको कारण यसको प्रशारणमा समस्या आयो, अब छिट्टै दर्शकले हेर्न पाउनु हुनेछ । त्यस्तै कति हाँस्नु, बुनु मैचा, बबाल लगायतका टिलिसिरियलहरु भने यसजोडी क्रियशनको अफिसियल युट्युब च्यानलमार्फत दर्शकमाझ आइसकेको छ । त्यस्तै किशोर भण्डारीकै निर्देशनमा तयार पारिएको झ्याउँकिरी सिरियलको सिजन २ को सम्पूर्ण कार्य सकिएको थियो । कोरोना माहामारीकै कारण त्यो पनि रोकिएको थियो । अब आउँदो जेठबाट राष्ट्रिय टेलिभिजनमार्फत आउने कुरा छ ।

**हामीले झ्याउकिरी सिरियलमा कस्तो भूमिकामा देख्न पाउछौं ?**

यस सिरियलमा म गाउँको कजिनीको भूमिकामा देखिन्छु ।

**आफ्नै युट्युब च्यानल पनि बनाउनु भएको रहेछ । अहिलेसम्म कुनकुन कामहरु सार्वजनिक गर्नु भयो ?**

मैले खोलेको युट्युब च्यानलको नाम देवांसी इन्टरटेन्टमेन्ट हो । जसमार्फत गायक थानेश्वर गौतमको पिरतीको पाइला बोल रहेको गीत सार्वजनिक गरें, जसले राम्रै भ्युज र दर्शकको राम्रो प्रतिक्रिया पनि पायो । त्यसपछि बिद्याराज सिवाकोटी र सरु गौतमको स्वर रहेको सुख्खा चारआना लगायतको गीतको म्युजिक भिडियोहरु सार्वजनिक गरिसकें । अब अरु कामहरु पनि बिस्तारै सार्वजनिक गर्नेछु ।

**तपाईंको आउँदो कामहरुको बारेमा भनिदिनुस् न ?**

अब मेरो छिट्टै आउने काममा सरखारको सर टेलिसिरियल रहेको छ । जसमा म र रघुनाथ सापकोटा निर्माता रहेका छौं । यो टेलिसिरियल राजनीतिक विकृति विसंगतिसँगै नेपाली समाजमा भएका यथार्थ घटना र गाउँ समाजमा परेका समस्याहरुलाई उजागर गर्ने उद्देश्यले निर्माण गरिएका हो । सेलिब्रेटी नेपाल र देवांशी इन्टरटेन्टमेन्टको प्रस्तुति रहेको सिरियलको निर्देशन बिनय पौडेलले गर्नु भएको छ । यस सिरियलमा म लगायत दीपक आचार्य, रबिन्द्र झा, सिपि पुडासैनी, जगदिश्वर अधिकारी, प्रतिषा रिजाल, राजु कट्टेल, सिजन तिवारी, मरिना गुरुङ, सुरज अधिकारी लगायतका कलाकारको अभिनय रहेको छ । यसको फर्स्टलुक सार्वजनिक भइसक्यो अब छिट्टै नै दर्शकले हेर्न पाउनु हुनेछ ।

**यो क्षेत्रमा आउने प्रेरणाको श्रोत ?**

पहिलेदेखि नै यो क्षेत्रमा एकदमै आउने रुची थियो । राम्रो कलाकार बन्ने सोचका साथ यो क्षेत्रमा पाइला टेकेकी हुँ । अर्को कुरा मेरो परिवार, साथीभाइ, आफन्त, तपाईंहरु जस्तो सञ्चारकर्मीको साथ पाइरहेकी छु । मेरो आदरणीय दाइ जो मेरो अभिभावक जस्तै हुनुहुन्छ उहाँले भने मलाई सधैं यो क्षेत्रमा आउन हौसला दिनु हुन्छ । उहाँकै प्रेरणाले पनि यो क्षेत्रमा अझै केही गर्ने हौसला मिलेको छ । दर्शकश्रोताले पनि मेरो कामको राम्रै मुल्यांकन गरिदिनु भएको छ । राम्रो प्रतिक्रिया पाइरहेको छु । साथ सहयोग र हौसला माया गरिनिदिनु हुने सम्पूर्णमा नमन् ।

**एउटा महिला कलाकारको नाताले यो क्षेत्रमा कत्तिको अप्ठ्यारोको सामाना गर्नु भएको छ ?**



शुरुशुरुमा यो क्षेत्रमा प्रवेश गर्दा गाह्रै थियो । महिलालाई अलि अर्कै नजरले हेर्ने पित्री सतात्मक समाजका कारण पनि कयौं कुशल महिला कलाकारले यो क्षेत्रबाट टाढा हुनु परेको छ । तर मलाई त्यस्तो अप्ठ्यारो खासै महसुस भएन । सबैको साथ सहयोग भएका कारण आजसम्म यो ठाउँमा छु ।

**भावी योजना के छ ?**

भविष्यमा आफ्नो कलाकारिता यात्राालाई निरन्तरता दिने सोच छ । अनी अहिलेका नयाँ युवा पिंढीहरुलाई आफुले गर्ने विभिन्न प्रोजेक्टमा मौका दिने बिचारमा छु ।

**कलाकार, निर्मात्रीपछि निर्देशान गर्ने सोच पनि बनाउनु भएको होला नि ?**

अहिले नै त्यस्तो सोच छैन । अहिले एउटा कुशल कलाकार भनेर दर्शक र शुभेच्छुकको माया पाएकी छु । आफु यही क्षेत्रमा भएका कारण निर्माणमा हात हालें, त्यसमा पनि केही हदसम्म सफलता पाएकी नै छु । आफुलाई सबैले कलाकार भन्दा गर्व र खुसी लाग्छ । यसमा नै सन्तुष्ट छु ।

**अहिले आउने नयाा नयाा कलाकारलाई के सल्लाह सुझाव दिन चाहनु हुन्छ ?**

अहिलेको नयाँ कलाकार वा यो क्षेत्रमा आउने सोच राख्नु भएका भाइबहिनीहरुलाई भने यो क्षेत्रमा अभिनय तालिम लिएर, सिकेर बुझेर यो क्षेत्रमा आउनु होला भन्न चाहन्छु ।

**हालै चर्चामा रहेको प्रकाश सपुतको गीतमा भइरहेको टिका टिप्पणीका बारेमा के भन्न चाहनु हुन्छ ?**

उहाँको गीत राम्रो छ । भिडियो पनि राम्रो बनेको छ । खासै त्यस्तो टिका टिपण्णी नै गर्नु पर्ने मैले केही देखिनँ । समाजमा जे हुन्छ त्यसलाई नै देखाउन खोजिएको हो । अर्को कुरा हामी कलाकारले स्वतन्त्र भएर काम गर्नु पाउनु पर्छ, यो हाम्रो नैसर्गिक अधिकार पनि हो । कसैको बारेमा नराम्रो भन्ने अधिकार हामीलाई नहोला तर सिंगो समाजमा जे भएको छ त्यसलाई त हामीले चित्रण गर्न पाउनुपर्छ । सामाजिक घटनालाई यथार्थ रुपमा देखाउँदा किन विरोध सिर्जना गर्नु पऱ्यो ? हामीले कुनै पनि अडियो र भिडियोमार्फत देखाउने कथावस्तु राम्रा नराम्रा जे पनि हुन सक्छ, त्यसको प्रस्तुतीकरण अनुसार प्रतिक्रिया गर्न पाउनु सबैको अधिकार हो । हामीले त कुनै घटना देखाँउदा सन्देश दिने हिसावले बनाएका हुन्छौं । भिडियो नै हाटाउनु पर्ने आवश्यकता म देख्दिनँ ।

**अन्तिममा तपाईंलाई मनमा लागेका कुरा र छुटाउनु भएको केही कुरा भए संक्षिप्तमा भनिदिनुहोस् न ?**

कलाकार, कलाकारिता समाजको ऐना हो । हामीले जे गर्छौं त्यो समाजले नियालिरहेको हुन्छ । कतिपयले आफ्नो स्वार्थको लागि अनावश्यक काम गर्दा सम्पूर्ण कलाकारिता जगत नै बदनाम हुन जान्छ । त्यसैले कोही कलाकारले पनि सकेसम्म यस्तो कार्य नगरिदिनु हुन अनुरोध गर्दछु । हामी भए न कालारिता क्षेत्र रहने हो । अर्को कुरा यस क्षेत्रमा राजनीति भए पनि राम्रोको लागि होस् सबैलाई फाइदा हुने काम होस् । कसैको व्यक्तिगत स्वार्थमात्र पूरा हुने खालका काम नहोस् भन्न चाहन्छु ।

# 'हिरोपन्ती २'को ट्रेलर रिलिज



**काठमाडौं/एजेन्सी–** २०१४ मा प्रदर्शनमा आएको 'हिरोपन्ती' फिल्मको सिक्वेल 'हिरोपन्ती २'को ट्रेलर सार्वजनिक भएको छ । बिहीबार टाइगर श्राफ, नवाजुद्दिन सिद्दिकी र तारा सुतरिया मुख्य भूमिकामा रहेको फिल्मको ट्रेलर सार्वजनिक भएको हो ।

फिल्ममा टाइगर श्राफ बब्लुको भूमिकामा देखिएका छन् । कम्प्युटर प्रविधिमा जानकार बब्बु करोडपति रहेकी तारा सुतरिया अभिनित इनाया पात्रसँगको प्रेममा परेको कथा देखाइएको छ । फिल्ममा मुख्य खलनायकको लैलाको भूमिकामा नवाजुद्दिन सिद्दिकी रहेका छन् ।

अहम्द खानको निर्देशनमा बनेको फिल्मलाई सजिद नाडियावालाले निर्माण गरेका हुन् । फिल्म २९ अप्रिलमा प्रदर्शनमा आउँदै छ ।

# 'द कश्मीर फाइल्स'का निर्देशकको सुरक्षा बढाइयो



**काठमाडौं/एजेन्सी–** गत शुक्रबारदेखि प्रदर्शनमा आएको फिल्म 'द कश्मीर फाइल्स'का निर्देशन विवेक रञ्जन अग्निहोत्रीलाई भारत सरकारले सुरक्षा व्यवस्था गर्ने निर्णय गरेको छ । भारत सरकारले निर्देशक अग्निहोत्रीको सुरक्षालाई मध्यनजर गर्दै 'वाई' श्रेणीको सुरक्षा व्यवस्था गर्ने निर्णय गरेको समाचार एजेन्सी एएनआईले जनाएको छ ।

गत शुक्रबारदेखि प्रदर्शनमा आएको फिल्म अहिले चर्चामा छ । उक्त फिल्म राजनीतिक विषयको रुपमा भारतमा विकास भइरहेको छ । सय करोड हराहारीको व्यापार पहिलो सातामै गरिसकेको फिल्म कश्मीरी पण्डितहरुको विस्थापनको विषयलाई लिएर निर्माण गरिएको छ ।

राजनीतिक विषयवस्तुमा बनेको फिल्मका निर्देशक अग्निहोत्रीलाई सुरक्षाको जोखिम भएको भन्दै सरकारले सुरक्षा व्यवस्था गरेको एएनआईले जनाएको छ । निर्देशक अग्निहोत्रीलाई सरकारले व्यवस्था गरेको सुरक्षामा २ जना कमाण्डो र ६ जना प्रहरी जवान रहेका छन् । सँगै फिल्मका अभिनेता अनुपम खेरसँगै अन्यलाई पनि सुरक्षा व्यवस्था बढाइएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । उक्त फिल्म शुक्रबारदेखि नेपालमा पनि प्रदर्शनमा आएको छ ।


**अधिकृत वारेसनामा बदर गरिएको सूचना**

जि.बाँके, सितापुर-७ हाल खजुरा गा.पा. वडा नं. २ जन्म भई हाल सोही ठेगानामा बस्ने वर्ष ४८ को म केशव सिंह ठकुरी आगे मेरो नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा ग्राहक खोजी चलन चल्तीको मूल्य लिई विक्री वितरण लगायतका लिखतहरु लेखी रजिष्ट्रेशन पारित गर्न मलाई आफ्नो घर कार्यले फुर्सद नहुँदा मेरो सट्टा ऐनले वारेस दिन मिल्ने मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ को दफा ४४ बमोजिम योग्यता पुगेका कुल बहादुर सिंह ठकुरीका छोरा जि. बाँके वेदबहादुर सिंह ठकुरी (ना.प्र. नं. १४० मिति २०४५/१०/०१ जि.प्र.का. बाँके) लाई वारेसनामा दिएको हुँदा हाल मेरो घरायसी कारणले उल्लेखित विवरणको जग्गा बेचविखन, राजिनामा, रजिष्ट्रेशन लागु गर्न आवश्यक नगरेकोले उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ (१) खण्ड (ग) बमोजिम बदर गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| जिल्ला | गाविस/नपा | वडा | सि.नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|---|
| बाँके | सितापुर | ७ | ०३५/१२८४ | ७१७ | १६९३.१५ | केशव सिंह ठकुरी |

**KUWAIT मा बैदेशिक रोजगारको अवसर**

Com: **Yusuf Ahmed Alghanim & Sons Co. W.L.L.** शहर: Kuwait

पूर्व स्वीकृती मिति: २०७८/१२/०४ चलानी नं. ६०१७६१३२ LT No.: 259841

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Indoor Laborer | 50 | काममा दक्ष | 85 | ३३,७९५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Washing Worker | 20 | | 85 | ३३,७९५ | | | | | | | |
| ३. | Outdoor Laborer | 50 | | 95 | ३७,७७१ | | | | | | | |
| ४. | Gardener | 50 | | 95 | ३७,७७१ | | | | | | | |
| ५. | Light Vehicle Driver | 20 | | 135 | ५३,६७५ | | | | | | | |
| ६. | Heavy Vehicle Driver | 20 | | 180 | ७१,५६७ | | | | | | | |
| ७. | Warehouseman | 30 | | 120 | ४७,७११ | | | | | | | |
| ८. | Cashier | 20 | | 155 | ६१,६२७ | | | | | | | |
| ९. | Sales Associate (Salesman/Marketing/Sales Executive) | 30 | | 135 | ५३,६७५ | | | | | | | |

अन्तरवार्ता: २०७८ चैत १३ गते (27 March, 2022) मा यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**डाईनामिक सेल्स एण्ड सर्भिस प्रा. लि.**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल श्रम ईजाजत नं.: १०९/०५४/०५५
फोन नं. : ४३५४६१४, ४३५६८३१, ४३५६६२५, फ्याक्स : ४३५५५७०


## Belaka Municipality
## Office of Municipal Executive
**Rampur, Udayapur**
**Province No. 1, Nepal**

**Letter of Intent to award the contract**

**First Date of Publication: 20th March, 2022(6th Chaitra 2078)**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following substantially responsive lowest evaluated bidders. Corresponding lowest evaluated substantially responsive Bid is selected in accordance with ITB 39 of bidding documents and this notice is published as per PPA, 2063 clause 27.2 and 27.3.

| S. N. | Name of Project | Contract Identification No. | Name and address of successful Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Aambasi-Purandaha-Bhagalpur Road (Ambasi Section) up to Blacktop | 09/BELAKA/NCB/W/2078-079 | Pabitra Nirman Sewa, Gaighat, Udayapur | 22,643,840.56 |

**Chief Administrative Officer**

# एन्फाको पत्रपछि एनएसएलको टाइसिट 'ड्र' स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

नेपाल सुपर लिग (एनएसएल)को दोस्रो संस्करणका लागि २०७८ चैत ६ गते आइतबार सार्वजनिक हुने भनिएको टाइसिट 'ड्र' स्थगित भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले टाइसिट 'ड्र' रोक्न पत्र पठाएपछि आयोजक नेपाल स्पोर्टस् एण्ड इभेन्ट म्यानेजमेन्टले 'ड्र' स्थगित गरेको हो ।

नेपाल स्पोर्टस म्यानेजमेन्टका प्रमुख कार्यकारी अधिकृत शुदिप शर्माले 'ड्र' रोकिएको जानकारी गराए । 'हामीले एन्फाको निर्देशन अनुसार आइतबारका लागि तय गरिएको टाइसिट ड्र स्थगित गरेका छौं,' उनले भने,' त्योसँगै हामीले एन्फा र अहिले गठन भएको कार्यदललाई छिट्टै टाइसिट ड्र गर्नेदेखि अन्य सबै तयारीका लागि स्वीकृति दिन आग्रह गरेका छौं ।

एनएसएल सञ्चालनका लागि अब धेरै समय बाँकी नरहेकोले छिटो भन्दा छिटो स्वीकृति आओस् भन्ने हामीले चाहेका छौं ।'




पछिल्लो समय एनएसएलको आयोजनालाई लिएर विवाद भइरहँदा अखिल नेपाल फुटबल संघ एन्फाको विवाद समाधान समिति र ए डिभिजन लिगका चार असन्तुष्ट क्लबबीचको बैठकले टाइसिट ड्र स्थगित गर्न पत्र पठाउने निर्णय गरेको थियो । सोही अनुसार एन्फाले ड्र रोक्न पत्र पठाएको थियो । 'कार्यदलको बैठकको निर्णय अनुसार एनएसएल प्रतियोगिताको बारेमा सहिद स्कारक ए डिभिजन क्लब र एनएसएल आयोजकसँग अझ बढी छलफल गर्न आवश्यक भएकाले आइतबारका लागि गर्ने भनिएको टाइसिट ड्र कार्यक्रम रद्द गर्न हुन जानकारी गराइन्छ,' एन्फाका महासचिव इन्द्रमान तुलाधरले एनएसइएमका प्रमुख कार्यकारी अधिकृत सुदीप शर्मालाई शुक्रबार लेखिएको पत्रमा भनिएको थियो ।

यस अघि आठ क्लबले एनएसएलले नियम विपरित खेलाडी अनुबन्ध गरेको र अक्सन समेत गरेको भन्दै असन्तुष्ट जनाउँदै आएका थिए । पछिल्लो समय भने मनाङ मर्स्याङ्दी क्लब, न्युरोड टिम एन आर टी, संकटा क्लब र थ्री स्टारले पत्रकार सम्मेलन गर्दै विवाद समाधान गर्न एन्फालाई अनुरोध गरेको थियो । सोही अनुसार एन्फाको २ र ३ फागुनमा बसेको कार्यसमितिले बिबाद समाधानको लागि अध्यक्ष कर्मा छिरिङ शेर्पाको संयोजकत्वमा सात सदस्यीय समिति गठन भएको थियो ।

सोही समिति र असन्तुष्ट क्लबबीच चैत ४ गते शुक्रबार भएको छलफलपछि चैत ६ गते आइतबारको कार्यक्रम स्थगित भएको हो । यसअघि फागुन २० गते हुने तय भएको खेलाडीको अक्सन रोक्न पनि एन्फाले निर्देशन दिएको थियो । तर त्यसका बाबजुद एनइएसएमले सोही समयमा अक्सन गरेको थियो ।

# खेलकुद विश्वविद्यालय संचालनको तयारीमा छौं : खेलकुद मन्त्री

**काठमाडौं/मस–** युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराज (अथक) ले नेपालमा खेलकुद विश्वविद्यालय संचालनका लागि अध्ययन भइरहेको बताएका छन् । राष्ट्रिय खेलकुद परिषद र राष्ट्रिय स्कुल खेलकुद महासंघको संयुक्त आयोजनामा शुरू भएको ३ दिने विद्यालय खेलकुद शिक्षक तालिमको उद्घाटन गर्दै मन्त्री अथकले नेपालमा खेलकुद विश्वविद्यालयको आवश्यकता महसुस भएको बताएका हुन् ।

नेपालमा सबै प्रकृतिका खेलहरू खेल्न सक्ने खालको उपयुक्त वातावरण रहेको उल्लेख गर्दै मन्त्री अथकले त्यसको आधार तयार गर्न खेलकुद विश्वविद्यालय संचालनकालागि सम्भाव्यता अध्ययन भइरहेको जानकारी दिए ।




अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गर्ने भरपर्दो माध्यमका रूपमा खेलकुदलाई हेरिने गरेता पनि राज्यले खेल क्षेत्रलाई उपेक्षा गर्दै आएको मन्त्री अथकको गुनासो थियो । 'राज्यले कुल बजेटको ०.१६ प्रतिशत बजेट मात्र युवा तथा खेल क्षेत्रकालागि छुट्याएको छ,' मन्त्री अथकले भने, 'यसैबाट सबै प्रशासनिक तथा खेल पुर्वाधार निर्माणको काम गर्नुपर्छ, अनि कसरी हुन्छ खेल क्षेत्रको विकास ।'

खेलकुदलाई उद्योगका रूपमा विकास गर्नु अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री अथकले स्वस्थ्य, राष्ट्रिय पहिचानसँगै उत्पादनको क्षेत्रमा समेत खेलकुदको भुमिका महत्वपुर्ण रहने जिकिर गरे । पछिल्लो समय सर्ने रोगभन्दा नसर्ने रोगका कारण मृत्यु हुने दर बढ्दै गईरहेको उल्लेख गर्दै मन्त्री अथकले भने, 'हामी अस्पताल निर्माणलाई मात्र विकास भएको ठान्छौं तर हरेक जिल्लामा खेलमैदान निर्माण भए अस्पतालको आवश्यकता नै पर्दैन ।' स्वास्थ्य नागरीक उत्पादनको आधार नै खेलकुद भएको मन्त्री अथकको भनाइ थियो । सातदोबाटोस्थित प्रिमियर अन्तर्राष्ट्रिय विद्यालयको हाताभित्र शनिबारदेखि तीन दिने विद्यालय खेलकुद शिक्षक तालिम संचालन गरीएको हो ।

# अन्जन माछापुच्छ्रे स्कुलको ब्राण्ड एम्बासडर

**काठमाडौं/मस–** कुसुन्तीस्थित माछापुच्छ्रे स्कुलले राष्ट्रिय फुटबल टोलीका प्रभावशाली खेलाडी अन्जन विष्टलाई माछापुच्छ्रे स्पोर्ट्स ब्रान्ड एम्बासडरमा नियुक्त गरेको छ ।

सो सम्बन्धी सम्झौता पत्रमा माछापुच्छ्रेका अध्यक्ष डा. विनोदप्रसाद यादव र अन्जनले शनिबार एक कार्यक्रमबीच हस्ताक्षर गरे । कार्यक्रममा राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान समेत रहेका अखिल नेपाल फुटबल संघका उपाध्यक्ष उपेन्द्रमान सिंहलगायतको उपस्थिति थियो । दुई वर्षका लागि अञ्जनलाई ब्रान्ड एम्बासडरमा नियुक्त गरिएको विद्यालयले जनाएको छ । कार्यक्रममा अन्जनले माछापुच्छ्रेसंग जोडिन पाउँदा खुशी लागेको बताउदै स्कुलसंग हातेमालो गरेर अगाडि बढ्ने बताए । उनले स्कुलले



सञ्चालन गर्ने स्पोर्ट्स एकेडेमीलाई अगाडि बढाउन सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउदै आफूलाई सम्झेकोमा धन्यवाद दिए ।

अध्यक्ष यादवले अन्जन जस्तो दिग्गज खेलाडीलाई अनुबन्ध गर्न पाउँदा सिंगो विद्यालय परिवारले गर्वको अनुभुति गरेको बताउदै स्कलुले खेलकुदलाई उच्च प्राथमिकतामा राखेको बताए ।

पूर्व कप्तान सिंहले खेलाडीलाई अवसर दिएकोमा माछापुच्छ्रेलाई धन्यवाद दिदै अन्जनलाई बधाइ दिए । उनले यस्ता कार्यले अन्य विद्यालयलाई पनि खेलाडीलाई स्थान दिन प्रेरित गर्ने धारणा व्यक्त गरे । एन्फा एकेडेमीका उत्पादन अन्जन मनाङ मर्स्याङ्दीका कप्तान हुन् । अन्जन नेपाल सुपर लिगको दोश्रो संस्करणमा सहभागी हुने नवप्रवेशी टिम झापा एफसीका मार्की खेलाडी हुन् ।

# पीएनजीको पहिलो जित

**काठमाडौं/एजेन्सी–** आईसीसी विश्वकप क्रिकेट लिग टूमा पपुवा न्युगिनी (पीएनजी)ले पहिलो जित दर्ता गरेको छ । नेपालसहित युएईसम्मिलत त्रिकोणात्मक एक दिवसीय क्रिकेटमा पीएनजीले युएईलाई ६ विकेटले पराजित गरेको हो ।

युएईले दिएको १४८ रनको सामान्य लक्ष्य पीएनजीले ८२ बल बाँकी छँदै ४ विकेट गुमाएर पुरा गरेको हो । लगातार १४ खेलमा पराजय भोगेको पीएनजीले पहिलो जित निकालेसँग अंक तालिकामा २ अंक जोडेको छ ।

पीएनजी अहिले तालिकाको पुछार सातौं स्थानमा छ भने छैटौं स्थानमा रहेको नेपालको १० अंक रहेको छ । पराजित भएको युएई भने दोस्रो स्थानमा रहेको छ ।

पीएनजीलाई जिताउनका लागि असद भालाले नटआउट ६८ रनको पारि खेल्दा चार्लेस अमिनीले ३६ रन बनाए । युएईका लागि अहमद रजा, रोहन मुस्तफा र कसिफ दाउदले एक एक विकेट लिए । पहिला ब्याटिङ गरेको युएईले निर्धारित ओभरमा सबै विकेट गुमाएर १४७ रन बनाएको थियो ।

उसका लागि रोहन मुस्तफाले सर्वाधिक ८८ रन बनाएका थिए । बसिल अहमदले २० रन बनाए । अन्य कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाएनन् । पीएनजीका एलि नाओले सर्वाधिक ४ विकेट लिंदा चाद सोपरले ३ विकेट लिए ।

**धनपालथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोराभाग, मोरङ**
**१ नं प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**सूचना प्रकाशन मिति २०७८।१२।०६**

यस धनपालथान गाउँपालिकाको आ.व. २०७८।०७९ का लागि स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०७८।११।१५ गतेका दिन तेस्रो पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसीलमा उल्लेखित योजनाका लागि रित पुर्वक दर्ता हुन आएका सिलबन्दी दर भाउपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बमोजिमको सिलबन्दी दरभाउपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेको मूल्याङ्कन समिति बाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| क्र. सं. | ठेक्का नं. | योजनाको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | १२-२०७८।०७९ | ईन्जित जडित स्प्रे मेशिन खरीद (५०% अनुदान) | कोशती ट्रेडिङ्ग कन्सर्न प्रा.लि. बिराटनगर | रु ११,५२,६००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**Kohalpur Municipality**
**Office of Municipal Executive**
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

**Re-Invitation For Bids**

**Second Date of Publication : 2078/12/06 (Mar-20-2022)**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites bid from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/ W/SQ-13/2078/079 | Advertisement Revenue Collection works at Kohalpur Municipality, Banke | 45 days | 550,000.00 | 15000.00 | 1000.00 | |
| 2 | BANKE/KOMUN/ W/SQ-14/2078/079 | Radha partikshyalaya dekhi kohalpur 6 rajhena tharugaun jana sadak Blacktop at Kohalpur-10, Banke | 45 days | 964,745.85 | 25,000.00 | 1000.00 | |
| 3 | BANKE/KOMUN/ W/SQ-15/2078/079 | yakatanagar dekhi deepshikha school hudai devilal bohora ko ghar hudai triveni chowk sama Road Blacktop Kohalpur-10, Banke | 45 days | 980,045.52 | 25,000.00 | 1000.00 | |
| 4 | BANKE/KOMUN/ W/SQ-16/2078/079 | Ntv road dekhi pension camp hudi kohalpur 5-6 rajhena jodna Road Construction works Kohalpur-02, Banke | 45 days | 971,242.64 | 25,000.00 | 1000.00 | |
| 5 | BANKE/KOMUN/ W/SQ-17/2078/079 | Ratna rajmarg dekhi purba uttar bikas nagar hudai shantinagar road blacktop works at kohalpur-02, Banke | 45 days | 973,684.89 | 25,000.00 | 1000.00 | |
| 6 | BANKE/KOMUN/ W/SQ-18/2078/079 | Kohalpur Municipality-14 surkhet road hawaldarpur chowk dekhi purba yashraj thapa ko ghar bat basu sharma ko ghar hudai baijanathpur jodne road blacktop at kohalpur-14, Banke | 45 days | 969,120.18 | 25,000.00 | 1000.00 | |
| 7 | BANKE/KOMUN/ W/SQ-19/2078/079 | Ko.na.pa.5,6 rajhenadekhi ko.na.pa. 4 gowa ko.na.pa.15 chaudhariya hundai baijanath 7 pedari hundai khajura ga.pa.jodne antarpalika stariya sadak blacktop | 45 days | 925,966.26 | 25,000.00 | 1000.00 | |
| 8 | BANKE/KOMUN/ W/SQ-20/2078/079 | Kohalpur municipality-12 ko mahendra rajmarg ma parne Duduwa khola pul dekhi duduwa kholako kinar uttar masurikhet jodne road blacktop at kohalpur-12, Banke | 45 days | 1,007,356.22 | 25,000.00 | 1000.00 | |
| 9 | BANKE/KOMUN/ W/SQ-21/2078/079 | Ratna rajmarg dekhi Shaktinagar samudayik bhawan hudai krishna ma.vi. Hudai tole jane road blacktop works at kohalpur-02, Banke | 45 days | 1,002,134.21 | 25,000.00 | 1000.00 | |
| 10 | BANKE/KOMUN/ W/SQ-22/2078/079 | Ward no 8 Blacktop road construction works at kohalpur-08, Banke | 45 days | 1,054,418.14 | 25,000.00 | 1000.00 | |
| 11 | BANKE/KOMUN/ W/SQ-23/2078/079 | Saraswati ma.vi. Bhawan Nirman (CGI Roofing,Gypsum,Boundary wall & MS window)works at Kohalpur-08, Banke | 45 days | 1,814,753.32 | 45,000.00 | 1000.00 | |
| 12 | BANKE/KOMUN/ W/SQ-24/2078/079 | Highway bata Balbidhya hudai ward no 6 ko simana samma jodne sadak blacktop at kohalpur-11, Banke | 45 days | 1,055,283.52 | 30,000.00 | 1000.00 | |
| 13 | BANKE/KOMUN/ W/SQ-25/2078/079 | Shiva aadharbhut school Boundary wall construction works at kohalpur-02, Banke | 45 days | 1,905,390.14 | 50,000.00 | 1000.00 | |
| 14 | BANKE/KOMUN/ W/SQ-26/2078/079 | Construction of truss Bridge at kohalpur-10 Chatar, Banke | 45 days | 1,290,018.91 | 35,000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| Last date and time of Bid Submission and opening | 2078/12/ 21 ( April-04-2022 ) ( upto 12:00 Noon), 2078/12/ 21 ( April-04-2022 ) ; at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur , Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Kohalpur,Banke , AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank , Kohalpur Branch , Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318

गो.हु.का.द.नं. ३३/०६९/०७०
६ चैत २०७८, आइतबार
20 March 2022, Sunday

# आर्थिक प्रणालीभन्दा बाहिर पुँजी कहाँ हराइरहेको छ ?

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

अर्थमन्त्री जनार्दन शर्माले पुँजी बजारबाट हराइरहेको बताएका छन् । व्यक्ति वा संस्थाले घरमै पैसा राख्ने गरेकाले तरलताको समस्या सिर्जना भएको बताएका छन् । शुक्रबार नागरिक लगानी कोषको ३२ औं वार्षिकोत्सवलाई सम्बोधन गर्दै मन्त्री शर्माले भने, 'पुँजी कतै हराइरहेको छ । आखिर बजारबाट पैसा कहाँ हराइरहेको छ ? कतै सिरानीमुनी र ओछ्यानमुनी त बन्द रहेको छैन ? यसको खोजीमा म लागेको छु' उनले भने, 'हाम्रो पुँजी निस्क्रिय भएर कतै बसिरहेको त छैन ? यता तिर पनि हामी सबै नागरिकको ध्यान जानुपर्छ ।' क्रिप्टोकरेन्सी र डिजिटल नेटवर्किङ तर्फ संकेत गर्दै मन्त्री शर्माले नयाँ प्रविधिको दुरुपयोग गरी पुँजी पलायन भइरहेको बताए । त्यसरी प्रविधिको दुरुपयोग गरी पुँजी पलायन गर्ने कुरालाई



रोक्न सरकारले संयन्त्र समेत विकास गरेको तर्क गर्दै उनले भने, 'नयाँ विकास भएका विभिन्न प्रविधिहरुको दुरुपयोग गरेर क्यापिटल पलायन हुने प्रकृया देखा परेको छ । त्यसलाई नियन्त्रण गर्न विभिन्न संयन्त्र परिचालन भइसकेका छन् ।'

आफ्नो मन्तव्य राख्ने क्रममा मन्त्री शर्माले पछिल्लो समयमा मुलुकले तरलता अभावको समस्या खेप्नेक्रम लम्बिएपछि अर्थ मन्त्रालय पुँजी जुटाउन निरन्तर क्रियाशील भइरहेको उनले बताएका थिए । 'बैंकिङ ब्याजदर व्यवसायी अनुकुल हुनुपर्छ भनेर मैले भन्दै आएको छु । उत्पादन मुलुक क्षेत्रमा प्रवाह हुने कर्जाको बेसरेट २ प्रतिशत भन्दा बढी हुनु हुँदैन भनेर मैले राष्ट्र बैंकलाई सल्लाह दिएको छु' शर्माले भने । उनका अनुसार बैंकिङ प्रणालीमा बिस्तारै निक्षेप बढ्न थालेकाले तरलताको समस्या केही दिनमै हल हुन्छ ।



## हरि रोका
अर्थराजनीतिक विश्लेषक

**अर्थमन्त्री शर्माले प्रणालीबाट पुँजी हराएको कुरा गर्नुभएको छ । के साँच्चै प्रणालीबाट पुँजी हराएको छ ?**

हो ठिक हो । प्रणालीबाट पुँजी हराउने काम भएको छ । सरकारले त्यत्तिको रियलाइज गर्नु भनेको राम्रो कुरा हो ।

**त्यसोभए जो पुँजी होल्डरहरु वा लुकाउनेहरु छन्, के तिनीहरुले सरकारलाई आँफ्नो अनुकुलको नीति तथा कार्यक्रम निर्माणको निमित्त बाध्य बनाउनको लागि यसो गरिरहेका छन् ?**

सबैभन्दा पहिलो कुरा त स्वार्थकै लागि गर्ने हो । पछिल्लो समयमा विदेशबाट पठाउने रेमिट्यान्स अत्यन्तै कम आइरहेको छ । भन्नुको अर्थ के हो भने हुण्डी बढि भइरहेको छ । हुण्डीमा इन्भल्भ हुने मान्छेहरु पैसाको बिजनेस गर्ने मान्छेहरु नै छन् । पुँजी हराउनु भनेको यहाँबाट पैसा गायब भइरहेको छ भन्ने नै हो । डलर अन्तयत्रै कतै लिइदिने अनि यता घरमा नेपाली मुद्रा पुऱ्याउने काम भएको छ । हुण्डीबाट कारोबार भएपछि पैसा बैंकको च्यानलबाट आएन् । बैंकको च्यानलबाट पैसा नआएपछि डलर मुलुकभित्र आएन् । डलर नआएपछि मुलुकले जुन आयात गर्छ त्यसको भुक्तानी गर्नलाई स्वभाविक रुपमा सकस हुने नै भैहाल्यो । त्यसकारणले गर्दाखेरी यसमा इन्भल्भ हुनेहरुको खोजी गर्न जरुरी नै छ ।

दोस्रो अर्को कारण पनि के हो भने क्रिप्टोकरेन्सी वा अरु कुनै माध्यमबाट फेरि नेपालबाट विदेशी मुद्रा बाहिरिने काम पनि भइरहेको छ । जुन विदेशी मुद्रा जाने काम भइरहेको छ, त्यो यहाँको प्रणालीबाटै वा पढाउने नाममा वा एलसी ठगी गर्ने नाममा गइरहेको छ । सरकारले त्यत्तिको कुराकानी गर्नु भनेको सकरात्मक छ, तर कुरा गरेर मात्रै भएन्, कुन माध्यमबाट विदेशी मुद्रा निर्यात भइरहेको छ भन्ने कुरा पत्ता लगाउनु पऱ्यो । यो विषयलाई राज्यले जाँचबुझ गर्न जरुरी छ ।

**तपाईंले पुँजी हराइरहेको हुनसक्ने कुरा त गर्नुभयो, तर सँगै सो खोजीको विषयमा सरकारलाई केही सुझाव हुनसक्छ ?**

सुझाव त उहाँहरुले खोजी गर्नुपऱ्यो । नेपालमा जसरी साइफोनिङिको चलन बस्यो । त्यो कसरी भएको छ ? कुन ढाँचाबाट भइरहेको छ ? त्यसमा को-को सहभागी छन् ? को-को र्‍याकेटिङमा लागेका छन् ? हुण्डीमा पनि यसमा पनि । सरकारले सजगता नअपनाउने हो भने त यो झन बढेर जाने देखिन्छ । कस्तो भु-राजनीतिक छहारीमा यस्ता काम भइरहेका छन् ? अस्ति भर्खर सरकारले केराउ तथा सुपारीको आयातमा छुट दिने निर्णय गऱ्यो । यो किन दियो ? हाम्रो आवश्यकताको लागि दियो कि कसका लागि दियो ? कालोबजारी गर्नको लागि दिएको हो कि के का लागि भन्ने कुरा त यो सरकारको जिम्मेवारीको कुरा हो ।

> नेपालमा जसरी साइफोनिङिको चलन बस्यो । त्यो कसरी भएको छ ? कुन ढाँचाबाट भइरहेको छ ? त्यसमा को-को सहभागी छन् ? को-को र्‍याकेटिङमा लागेका छन् ? हुण्डीमा पनि यसमा पनि । सरकारले सजगता नअपनाउने हो भने त यो झन बढेर जाने देखिन्छ ।



## पवन गोल्यान
अध्यक्ष, एनएमबी बैंक तथा नेपाल बैंक तथा वित्तीय संस्था परिसंघ

**अर्थमन्त्री शर्माले प्रणालीबाट पुँजी हराएको कुरा गर्नुभएको छ । के साँच्चै प्रणालीबाट पुँजी हराएको छ ?**

यो कुरा नेपाल राष्ट्र बैंकको डाटाले पनि देखाउँछ । सर्कुलेसनमा भएको पैसा कम भएको छ । अर्थमन्त्रीले पनि त्यसलाई आधार मानेर भन्नुभएको होला । मलाई पनि अचम्म लागेको छ । हामी नेपाली करेन्सीको कुरा गर्दैछौं, नेपाली करेन्सी त बाहिर जानुनपर्ने । मैले पनि हिजोको समाचार पढिसकेपछि आँफै पनि अध्ययन गर्छु भनेर लागेको थिएँ । वास्तवमा के रहेछ ? कसरी कहाँबाट हराएको हो ? हुण्डी त बढेकै छ । यो कुरा हामी सबैलाई थाहा छ । त्यसले नेपाली करेन्सी बाहिर जान त नपर्ने हो । नेपाली करेन्सी कहाँ हरायो भन्ने कुरा हो । कतै यो ओछ्यानमुनी गयो वा कता गयो ? कतै यो चुनावको बेलामा निस्कन्छ कि ? घुसहरु बढेको बेलामा पनि यस्तो हुन्छ ।

**भनेपछि यस्तो पुँजी लुकाउने काम कसले गरिरहेको छ भनेर अनुमान गर्न कठिन छ ?**

यो कुरा राम्रोसँग अध्ययन नगरी भन्न सकिँदैन् । मैले अघिपनि भने, घुसखोरी बढि भएको बेलामा पनि यस्तो बढि हुन्छ । त्यो पैसा सिस्टमबाट बाहिर कता गयो ? भन्नाले बैंकिङ च्यानलमा आएन् । हाम्रो उत्तरी नाकाबाट आयात बढी हुँदा पनि यो समस्या हुन्छ । एउटा उदाहरणको लागी भनौं, तपाईंले ७ हजारको एउटा ज्याकेट बजारमा किन्न जानुस, बिल माग्नुस बिल ७/८ सय भन्दा बढिको पाउनुहुन्न् । भनेपछि बाँकी पैसा त सिस्टमबाट बाहिरियो । यसरी नै बाहिरिएको हुनसक्छ भन्ने मेरो अनुमान हो ।

**प्रणालीमा हराइरहेको पुँजी पुनः प्रणालीमा नै ल्याउन सरकारले के पहल गर्नसक्छ ? तपाईंको सुझाव के छ ?**

मैले ३/४ महिनादेखि बारम्बार नै भनिरहेको छु । हाम्रो आर्थिक गतिविधि निरन्तर खराब भइरहेको छ । अहिलेको लागि आयातलाई अलिकति भएपनि घटाउनु पऱ्यो । अनइन्भ्वाइसिङ भएर आउनेलाई इन्भ्वाइसिङ बढाइदिनुपऱ्यो । जस्तैः ७ हजारको ज्याकेटको बिल ७ हजार नै पाउनुपऱ्यो । अहिलेको लागि आयात प्रतिस्थापन १५ प्रतिशत र कर १५ प्रतिस्थापन लगाउनुपऱ्यो, यसले राजस्व नघटाइकन अलिकति भएपनि आयात घटाउँछ । अहिले जुन एलसीमा मार्जिनहरु बढाएको छ, पुरै आइटममा लागु गरेको छैन्, यो बढाएर सबै आइटममा लगाउनु पऱ्यो ।

आयात हुने कृषिजन्य वस्तुहरुमा पनि कर लगाउनुपऱ्यो, जसले गर्दा कृषि उत्पादन हाम्रो मुलुकभित्रै होस् विदेशबाट ल्याउनु नपरोस । रेमिट्यान्सलाई अफिसियल च्यानलबाट ल्याउनको लागि पहल गर्नुपर्छ । विदेश जानेबेलामा नै बैंकहरुमा अनिवार्य खाता खोल्ने व्यवस्था गर्ने, सोही खातामार्फत पैसा ल्याउनको लागि सम्बन्धित कम्पनीसँग पनि सम्झौता गर्ने, यो एउटा राम्रो विकल्प हुनसक्छ । यसबाहेक रेमिट्यान्स बचतलाई अहिले बैंकहरुले १ प्रतिशत ब्याज थपेर दिने गरेको छ । अझै सरकारले पनि १ प्रतिशत थप्ने व्यवस्था गरोस । त्यस्तै आइपिओ जतिपनि आउँछ, त्यसमा वैदेशिक रोजगारमा जानेहरुको लागि कम्तिमा १० प्रतिशत हिस्सा छुट्याउने व्यवस्था गर्नुपऱ्यो । यसो गर्न सकियो भने विदेशबाट आएको पैसा सञ्चितीतर्फ जान्छ । खर्च भन्दा सञ्चितीतर्फ गयो भने हामीले ठुला-ठुला प्रोजेक्टहरु सञ्चालन गर्न सक्छौं ।

# सात अर्बको फलफूल आयात



**काठमाडौं/रासस-** चालु आर्थिक वर्षको पहिलो सात महिनामा फलफूलको आयात अकासिएको छ । सो अवधिमा ६ अर्ब ६० करोड ९१ लाख २८ हजार ६०० मूल्य बराबरका आँप, सुन्तला, कागती, अंगुर र स्याउको आयात भएको हो । तीमध्ये सबैभन्दा बढी स्याउको आयात भएको छ । छिमेकी मुलुक चीनबाट तीन अर्ब २२ करोड २२ लाख ३० हजार मूल्यका विभिन्न जातका तीन करोड ८३ लाख ५९ हजार १३३ केजी स्याउ आयात भएको भन्सार विभागले जनाएको छ । नेपालमा स्याउ खेतीको प्रचुर सम्भावना छ । यति हुँदाहुँदै पनि डरलाग्दो आयात हुनुले नेपालमा फलफूलको परनिर्भरता चुलिँदै गएको देखिन्छ । नेपाल सरकारले आगामी तीन वर्षमा नेपाललाई फलफूलमा आत्मानिर्भर बनाउने घोषण आर्थिक वर्ष ०७७/७८ को बजेट पुस्तिकामार्फत घोषणा गरेको थियो ।

नेपालमा ठूलो परिमाणमा स्याउ आयात हुने अर्का छिमेकी मुलुक भारत हो । चालु आर्थिक वर्षको माघ मसान्तसम्म भारतबाट एक अर्ब १५ करोड ३२ लाख ५६ हजार मूल्य बराबरको ११ लाख ५३ हजार २५६ केजी स्याउ आयात भएको भन्सार विभागले जनाएको छ । विभागका अनुसार सोही अवधिमा टर्कीबाट २६ लाख २५ हजार मूल्य बराबरको स्याउ आयात भएको छ । समग्रमा चालु आर्थिक वर्षको पहिलो सात महिनामा कूल चार अर्ब ३७ करोड ८१ लाख ११ हजार मूल्य बराबरको स्याउ आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । यसैगरी सोही अवधिमा नेपालमा ७८ करोड ५१ लाख १५ हजार छ सय मूल्यका बराबरका सुन्तलाको आयात भएको छ । नेपालमा सुन्तला भारत, दक्षिण अफ्रिका र इजिप्टबाट आउने गर्छ । सो अवधिमा भारतबााट ७७ करोड ४८ लाख ७२ हजार, साउथ अफ्रिकाबाट ९० लाख ७७ हजार र टर्कीबाट ११ लाख ६६ हजार ६०० मूल्य बराबरका कूल एक करोड ४५ लाख ७० हजार तीन केजी सुन्तलाको आयात भएको छ ।

त्यस्तै चालु आर्थिक वर्षको पहिलो सात महिनामा भारतबाट ५३ करोड ९६ लाख पाँच हजार मूल्य बराबरको ६८ लाख ८४ हजार ३९६ केजी कागती आयात भएको छ । पाँच प्रकारका फलफूलमा कागतीको आयात तेस्रो स्थानमा छ । कागतीमा ९० प्रतिशत भारतमा निर्भर हुनु परेको कृषि तथ्यांकले देखाएको छ । पहाडी डाँडाकाँडामा राम्रो आम्दानी लिन सकिने कागती खेतीमा पछिल्लो समय नेपालीको आकर्षण बढ्दै गएको छ । १०० मिटरको उचाइदेखि दुई हजार ४०० मिटरको उचाइमा ८०० मिलीमिटरदेखि एक हजार २०० मिलीमिटर पानी पर्ने तर पानी नजम्ने स्थानमा कागती खेती गर्न सकिन्छ । कागतीलाई सुन खेतीका नामले पुकारिन्छ । झन्डै १३ रोपनी जग्गामा कागती खेती गर्दा करिब १० लाख आम्दानी हुने कृषि विज्ञको भनाइ छ ।

नेपालमा आँपको परनिर्भरता पनि बढ्दै गएको छ । तराई र भित्री मधेसमा आँप खेती गर्न सकिन्छ । तर आयात भने रोकिएको छैन । चालु आर्थिक वर्षको पहिलो सात महिनामा रु ४५ करोड ९२ लाख ६० हजार मूल्य बराबरका विभिन्न जातको ९५ लाख ७४ हजार ५३४ केजी आँप भारत, थाइल्यान्ड र युगान्डाबाट आयात भएको छ । त्यस्तै सोही अवधिमा अंगुरको आयातमा उल्लेखनीय वृद्धि भएको छ ।

फालेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थोक्लिम्बा, पाँचथर
प्रदेश नं.१, नेपाल

फालेलुङ गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**